# प्रभाव दैनिक

National Daily

वर्ष १० | अंक ८९ | काठमाडौं | शुक्रबार, ५ साउन २०८० | Prabhab National Daily | Friday, July 21, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



- जंगली च्याउहरू विषालु पनि हुन सक्छन्,
- त्यसैले राम्ररी पहिचान गरेर मात्र खाऔं ।
- खेती गरेर उमारेको च्याउ खाने गरौं ।
- जीवन सुरक्षित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


कांग्रेस केन्द्रीय समिति बैठक

## महामन्त्री त चरी जेलैमा !



बिहीबार केन्द्रीय समिति बैठकमा महामन्त्री गगन थापालाई केक खुवाएर शुभकामना दिँदै पार्टी सभापति शेरबहादुर देउवा । *तस्बिर:प्रभाव*

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाली कांग्रेसको केन्द्रीय समिति बैठक जारी छ । मंगलबारबाट ललितपुरको सानेपास्थित पार्टी केन्द्रीय कार्यालयमा जारी बैठकमा केन्द्रीय सदस्यहरूले धारणा राख्ने क्रम चलिरहेको छ । बुधबार ४६ जना केन्द्रीय सदस्यले महामन्त्री गगन थापाले प्रस्तुत गरेको पार्टीको कार्ययोजनामाथि धारणा राखेका थिए । बिहीबार ३५ जनाले उक्त कार्ययोजना र पार्टीका कार्यक्रममाथि धारणा राखे ।

### खाणलाई निलम्बन गर्न माग

बिहीबारको केन्द्रीय समितिमा नक्कली भुटानी शरणार्थी प्रकरणमा थुनामा रहेका बालकृष्ण खाणलाई केन्द्रीय सदस्यबाट निलम्बन गर्नुपर्ने माग उठेको छ । कांग्रेस केन्द्रीय सदस्य अजयबाबु शिवाकोटीले खाणलाई पार्टीको केन्द्रीय सदस्यबाट निलम्बन गर्नुपर्ने माग राखेका हुन् । ' यतिखेर कांग्रेस प्रचण्ड नेतृत्वको सरकारको मुख्य हिस्सेदार हो । यही सरकारको पालामा हाम्रा वरिष्ठ केन्द्रीय सदस्य बालकृष्ण खाणलाई अलग-अलग आरोपमा पुर्पक्षका लागि थुनामा पठाइएको छ,' उनले भने, 'सभापतिज्यू, यो प्रकरणमा हाम्रो द्विविधा अचम्मकै छ । खाणप्रति अन्याय भयो भन्ने हो भने कांग्रेस सरकारबाट हट्नुपर्‍यो, होइन भने पार्टीबाट निलम्बन गर्नुपर्‍यो ।'

नेपालीलाई भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने कार्यमा संलग्न रहेको आरोपमा खाण वैशाख २७ गते पक्राउ परेका थिए । काठमाडौं जिल्ला अदालतको आदेशमा खाण असार १ देखि पुर्पक्षका लागि थुनामा छन् । सोही प्रकरणमा पक्राउ परेका टोपबहादुर रायमाझीलाई एमालेले सचिव पदबाट निलम्बन गरिसकेको छ ।

केन्द्रीय सदस्य शिवाकोटीले सभापति देउवासमक्ष यस विषयमा केन्द्रीय समिति प्रस्ट हुनुपर्ने बताएका छन् । 'यसमा कि थुनामा हुने दोषी हुनुपर्‍यो कि सरकारमा रहेका हाम्रै मन्त्री पूर्वाग्रही भएको हुनुपर्‍यो । सभापतिज्यू, पार्टीले प्रस्ट भन्नुपर्‍यो,' उनले भने, 'यो बैठकबाट पनि भ्रमपूर्ण सन्देश प्रसार हुनुभएन । सरकार र साथीमध्ये के रोज्ने हो, सभापतिज्यू यो बैठकले टुंगो लगाउनुपर्छ ।'

### हतार नगर्न गगनलाई सुझाव

यसपटकको केन्द्रीय समितिमा धेरैले महामन्त्री थापा लक्षित धारणा राखिरहेका छन् । बिहीबार पनि केही केन्द्रीय सदस्यले गगनमाथि सुझाव र आरोप बर्साए । केन्द्रीय (बाँकी पृष्ठ २ मा)

सय किलो सुन प्रकरण

# एक चिनियाँसहित १० जना पक्राउ

## १० दिन हिरासतमा राख्न उच्च अदालतबाट अनुमति

- बुधबार ६ जना र बिहीबार एक चिनियाँ नागरिकसहित तीनजना पक्राउ
- सुनको परिमाण यकीन गर्न एक हप्ता लाग्ने
- नौ वर्षमा ६६५ केजी ५०० ग्रामभन्दा बढी बरामद
- भन्सार कर्मचारी र प्रहरीको मिलेमतोमै तस्करी



■ **जेबी योञ्जन**

**काठमाडौं-** कुख्यात अपराधी चार्ल्स शोभराजले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट हात्ती छिराउने अभिव्यक्ति दिएको केही वर्षमै आतंकवादसम्बन्धी एक अमेरिकी प्रतिवेदनले उक्त विमानस्थलको निकै कमजोर सुरक्षा व्यवस्था रहेको टिप्पणी गरेको थियो । तस्करीको सुन जुन परिमाणमा र जसरी दिनहुँ बरामद भइरहेको छ, यी तथ्यहरूले शोभराज र अमेरिकी प्रतिवेदनको निष्कर्षलाई पुष्टि गरेका छन् ।

बुधबारमात्रै हालसम्मकै ठूलो परिमाण भनी दाबी गरिएको सुन विमानस्थलबाट बाहिरियो । उक्त सुन प्रधानमन्त्री कार्यालय मातहत रहेको राजस्व अनुसन्धान विभागका अधिकारीहरूले बरामद गरे । बरामद गरिएको सुन हाल टक्सार महाशाखामा राखिएको छ । नेपाल राष्ट्र बैंक भने थप परीक्षणका लागि पत्रको पर्खाइमा छ ।

सुन तस्करी प्रकरणमा बुधबार नै छ जना पक्राउ परिसकेका छन् । त्यसमध्ये एक जनालाई सुनको मालिक रहेको प्रहरीको दाबी छ । राजस्व स्रोतले दिएको जानकारीअनुसार पक्राउ पर्नेमा दोलखा मेलुङ गाउँपालिका-३ घर भई हाल काठमाडौं साँखु बस्ने २१ वर्षीय दिलिप भुजेल, सोही ठेगाना घर भई स्वयम्भू बस्ने ५३ वर्षीय रामकुमार भुजेल, भोजपुर अरुण गाउँपालिका-४ घर भई हाल बूढानीलकण्ठ बस्ने ४९ वर्षीय हर्कराज राई, राजेन्द्र राई, पुरानो दिल्ली घर भई हाल काठमाडौं पानीपोखरी बस्ने ५३ वर्षीय भारतीय नागरिक थाप्तेन छिरिङ र ट्याक्सी चालक अशोक लामा छन् । सुन भित्र्याउने मुख्य व्यक्ति रहेको आशंका गरिएका चिनियाँ नागरिक लिङ चुवानलाई पनि बिहीबार पक्राउ गरिएको छ ।

बिहीबार पुष्कर भट्ट, कृष्ण श्रेष्ठ र राजन श्रेष्ठ पनि पक्राउ परे । श्रेष्ठद्वय एलिस ट्रान्स ग्रुपका सञ्चालक र भट्ट ट्रान्स ग्लोबल सर्भिसका सञ्चालक रहेको खुलेको छ । दुवै कम्पनी कार्गोसँग सम्बन्धित हुन् । यससँगै पक्राउ पर्नेको संख्या १० जना पुगेको छ ।

पक्राउ परेकाहरूलाई हिरासतमा राखेर अनुसन्धान गर्न उच्च अदालत पाटनले अनुमति दिएको छ । यस प्रकरणमा संलग्न केहीविरुद्ध पक्राउ पूर्जी पनि जारी भइसकेको राजस्व अनुसन्धान विभागका सूचना अधिकारी नवराज अधिकारीले प्रभावसँग बताए ।

उनका अनुसार प्रारम्भिक अनुसन्धानको क्रममा उक्त परिमाणको सुन हङकङबाट नेपाल ल्याइएको हो । प्रहरी र विमानस्थल भन्सारका कर्मचारीहरूबीचको मिलेमतोमा इतिहासकै सर्वाधिक सुन विमानस्थल हुँदै ट्याक्सीमा राखेर बाहिऱ्याउन सफल भएको हो । यससँगै भन्सार अधिकृत सन्तोष चन्दसहित अर्का एक भन्सार अधिकारीविरुद्ध निलम्बनको सिफारिस भइसकेको छ ।

विदेशदेखि श्रम गरेर आएका मजदुरले एउटा औंठी लगाउँदा देखिने भन्सार कर्मचारीहरूले कम्तीमा एक क्वीन्टल सुन कसरी देखेनन् ? आमरूपमा प्रश्न उठेको छ ।

यसबारे थप छानबिन गर्न समिति गठन भइसकेको छ । अर्कातिर प्रहरी, सशस्त्रसँगै राष्ट्रिय अनुसन्धान विभागका सुरक्षाकर्मीहरू सुन तस्करी प्रकरणमा मुछिएकाहरूलाई पक्राउ गर्न परिचालित भइसकेका छन् । बिहीबार बिहान नै भन्सारका कर्मचारीहरूलाई गृह मन्त्रालयमा बोलाएर गृहमन्त्री नारायणकाजी श्रेष्ठले सुन प्रकरणबारे जानकारी लिए । तर, उक्त बैठकमा के कसो भयो भन्ने जानकारी स्पष्टरूपमा दिइएको छैन ।

यसैबीच, भन्सार विभागले पनि आन्तरिक छानबिन गरिरहेको बताएको छ । 'प्रणालीमा केही खराबी छ कि, एक्सरेमा नदेखिएको हो कि वा मान्छेको संलग्नता छ भन्नेबारे अनुसन्धान भइरहेको छ,' महानिर्देशक शोभाकान्त पौडेलले बताए । उनले आफूहरूले (बाँकी पृष्ठ २ मा)

सन्दर्भ : वैदेशिक रोजगार

## बेलायतमा नेपाली नर्सलाई रोजगारी

# आजबाट खुल्दै सय जनाको आवेदन

■ **मोहनप्रसाद पन्त**

**काठमाडौं–** नेपाल र बेलायत सरकारबीच श्रम सम्झौता भएको झण्डै एक वर्षपछि नेपाली नर्स बेलायत जान पाउने भएको छ । सरकारले बेलायत जान इच्छुक नर्सहरूका लागि आवेदन खुला गरेको छ । सरकारले जिटुजी सम्झौतामार्फत नेपाली नर्सलाई रोजगारीका लागि बेलायत पठाउन लागेको हो ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र बेलायत सरकारको डिपार्टमेन्ट अफ हेल्थ एण्ड सोसल केयर (डिएचएससी)ले बिहीबार संयुक्त कार्यक्रम आयोजना गरी आवेदन खुला गरिनेबारे जानकारी दिएको हो । जसअनुसार आज (शुक्रबार)बाट आवेदन दिन सकिने भएको छ । पहिलो चरणमा १०० जना नर्सका लागि आवेदन खुला गरिएको जनाइएको छ ।

गत २०७९ भदौ ६ गते दुई देशबीच भएको जिटुजी सम्झौताको ११ महिनापछि नर्सिङ जनशक्ति भर्ना प्रक्रिया कार्यान्वयनमा आएको हो । बेलायतमा रोजगारीका लागि नेपाली नर्सको भर्ना कार्यक्रम सुरु गरिएकोबारे बिहीबार जारी गरिएको संयुक्त प्रेस विज्ञप्तिमा मन्त्रालयका सहसचिव एवं प्रवक्ता डण्डुराज घिमिरे र नेपालस्थित बेलायती राजदूतावासकी एक्टिङ कम्युनिकेसन्स लिड रञ्जिता गुरुङले हस्ताक्षर गरेका छन् । विज्ञप्तिमा 'पाइलट प्रोजेक्ट'को रूपमा पहिलो चरणमा १०० जना नर्स भर्ना प्रक्रिया अघि बढाउने बताइएको छ ।

बेलायतले प्रतिस्पर्धात्मक भर्ती प्रक्रियामार्फत पेसागतरूपमा दक्षता हासिल गरेका नर्सहरूलाई रोजगारीको अवसर दिने जनाएको छ । जसमा छनोट भएका नर्सहरूलाई बेलायतको नेसनल हेल्थ सर्भिस (एनएचएस)ले पदस्थापनको व्यवस्था गर्नेछ । बेलायत रोजगारी सञ्चालन प्रक्रिया जिटुजी सम्झौता भएकाले वैदेशिक रोजगार विभाग र बेलायतको ह्याम्पसायर हस्पिटल फाउन्डेशन ट्रस्टले मात्रै नर्स भर्ती कार्यक्रम सञ्चालन गर्ने उल्लेख गरिएको छ ।



- योग्यता पुगेका नेपाली नर्सले शुक्रबारदेखि वैदेशिक रोजगार विभागमा अनलाइन आवेदन दिन सक्ने
- विभागले छनोट गरेका आवेदकहरूबाट बेलायतको डिएचएससीले पुनः छनोट गरेपछि अन्तर्वार्तामा सामेल गराइने
- छनोट भएका नर्सलाई शून्य लागतमा नै बेलायत जाने अवसर

नर्स भर्ना प्रक्रियामा दुवै देशका सरकारबीच भएको समझदारीअनुसार कुनै पनि रोजगारदाता, भर्ती केन्द्र वा रिक्रुट एजेन्सी वा अन्य कुनै पनि निकाय संलग्न हुन नपाउने व्यवस्था रहेको छ । रोजगारीका लागि नर्स पठाउन अवलम्बन गरेको प्रक्रिया नेपाल सरकारको निष्पक्ष, मर्यादित र व्यवस्थित आप्रवासनका लागि प्रतिबद्धताको निरन्तरता भएको बेलायतले उल्लेख गरेको छ । रोजगारीमा छनोट भई काम गर्न जाने नेपाली नर्सहरूलाई त्यहाँका स्वास्थ्यकर्मीहरूसरह अधिकार, विशेषाधिकार, संरक्षण र मर्यादा दिइने बेलायतले प्रतिबद्धता जनाएको छ । दुवै देशको आपसी समझदारी र आवश्यकतामा आधारित भएर नर्स भर्ती प्रक्रिया सञ्चालन गर्ने बताइएको छ । दुवै सरकारले पहिलो चरणबाट पाठ सिक्दै त्यसको परिणामका आधारमा भविष्यमा नर्स भर्ती प्रक्रिया जारी राख्ने वा नराख्ने भन्ने सम्बन्धमा थप निर्णय लिने विज्ञप्तिमा उल्लेख छ ।

गत असार ५ गते मन्त्रिपरिषद् बैठकले बेलायतमा नर्स पठाउने सम्झौता कार्यान्वयन गर्ने 'प्रोटोकल' स्वीकृत गर्ने निर्णय गरेसँगै मन्त्रालयले द्विपक्षीय मापदण्डका आधारमा नर्स भर्ना प्रक्रिया अघि बढाउन सफल भएको प्रवक्ता घिमिरेले बताए । 'योग्यता पुगेका नेपाली नर्सहरूले शुक्रबारदेखि वैदेशिक रोजगार विभागमा अनलाइन आवेदन दिन सक्छन्,' उनले भने, 'पहिलो चरणमा सय जना पठाइने छ, यसका लागि तीन महिनाभित्र आवेदन दिनुपर्ने हुन्छ ।' पहिलो चरणमा आवेदकहरूको छनोट विभागले गर्ने र उनीहरूलाई बेलायतको डिएचएससीले पुनः अध्ययन तथा छनोट गरेपछि अन्तर्वार्तामा सामेल गराइने घिमिरेले बताए ।

बेलायतमा रोजगारीका लागि आवेदन दिन चाहने नर्सहरूले प्रोटोकलले तोकेअनुसार योग्यता अनिवार्य पूरा गरेको हुनुपर्नेछ । प्रोटोकलले व्यवस्था गरेअनुरूप बेलायतमा रोजगारीका लागि आवेदन दिने नर्सहरूले इन्टरनेसनल इंग्लिस ल्याङ्ग्वेज टेस्टिङ सिस्टम (आइइएलटिएस)मा न्यूनतम सात अंक अनिवार्यरूपमा ल्याएको हुनुपर्नेछ । त्यस्तै तीन वर्षको नर्सिङ कोर्सअन्तर्गत पिसिएल नर्सिङ वा बिएनसरहको शैक्षिक योग्यता हासिल गर्नुपर्नेछ ।

साथै, दुई वर्ष काम गरेको अनुभव पनि अनिवार्य गरिएको छ । जिटुजी सम्झौताअनुसार बेलायतको स्वास्थ्य सेवामा कार्यरत रहँदा नर्सहरूको सेवा सुविधा र अधिकार बेलायती स्वास्थ्यकर्मीसरह हुने भनिएको छ । सम्झौताअनुसार रोजगारीका लागि छनोट भएका नर्सले शून्य लागतमा नै बेलायत जाने अवसर प्राप्त गर्नेछन् भने नियुक्ति प्रक्रियाका लागि कुनै शुल्क लाग्ने छैन । बेलायतमा रोजगारीको अवसर पाउने नर्सको समयावधि पाँच वर्षको हुनेछ । आकर्षक रोजगारीको गन्तव्य मानिएको बेलायतमा जाने नर्सहरूको मासिक पाँच लाख रूपैयाँ आम्दानी हुने बताइएको छ ।






**मन्दिर पुनर्निर्माण गरिँदै** | विश्व सम्पदाको सूचीमा सूचीकृत पाटन दरबार स्वाएर परिसरमा मन्दिर पुनर्निर्माण गरिँदै । *तस्बिरः चन्द्रकला क्षेत्री/रासस*

# माटाका भाँडा सुकाउन नपाएर कुमाले समुदाय चिन्तित

**भादगाउँ–** केही दिनदेखि लगातार परेको झरीले माटाका भाँडा बनाउने कुमालेले भाँडा सुकाउन पाएका छैनन् । माटोलाई कुँदेर भाँडाको आकार दिइसकेपछि केही समय घाममा सुकाएर भट्टीमा पोल्ने भए पनि झरीका कारण दाउराको जोहो गर्न नपाउँदा भाँडा सुकाउन कुमाले मौसम कुरेर बसेका छन् ।

भक्तपुर नगरपालिकाको सुजमारी, तालाक्व, चुनदेवी, लिवाली, चोखाते र सूर्यविनायकका कुमाले समुदायले व्यावसायिकरूपमा माटाका भाँडा बनाउने गर्दछन् । लगतार झरीले अहिले कुमाले समुदायले नजिकिँदै गरेको श्रावणी मेलाका लागि पाला, धुपौरोलगायत वर्षदिनमा मनाइने विभिन्न चाडपर्वलाई लक्षित गरी निर्माण गरेका सामग्री तथा खुत्रुके, गमला, करुवा, मट्का, भ्योग, पर्यटकिय सामग्री, सुकाउन पाएका छैनन् । उनीहरू लगातार झरी पर्दा बाहिर काम गर्न र सुकाउन नमिलेपछि भित्रै काम गरी सुकाउन बाध्य छन् ।

भक्तपुर-४ तालाक्वका रमेश प्रजापतिले झरीले घरबाहिर काम गर्न र सुकाउन नमिल्ने भएपछि घरमै भाँडा बनाएर भित्रै सुकाएको बताए । उनले भने, 'मौसम खुल्यो भने सुकाउने र पोल्ने काम हुन्छ, झरीले गर्दा सुकाउन मिलेन, अलि अलि बनाएर छिँडिमै फैलाइदिए, अहिले पाला, गमला, धुपौरो, चिया कप र पर्यटकीय सामग्रीको माग घेरै छ, बनाएर सुकाउन नमिल्ने समय छ, त्यही भएर अहिले कम मात्र बनाएका छौं ।'

नजिकिँदै आएको श्रावणी मेलाका लागि भाँडा बनाउन भ्याइनभ्याइ हुने समयमा झरीले भाँडा सुकाउन नपाउँदा अहिले कुमाले समुदायका व्यक्ति चिन्तित देखिन्छन् । भक्तपुर-९ सुजमारीका श्यामकृष्ण प्रजापति भाँडा सुकाउन नपाएर कामै बन्द गरी बसेका छन् । उनी जुजुधौका लागि मट्का र भ्योग बनाउने काम गर्छन् ।

लगातार झरीले बनाएका भाँडा नै सुकाउन नपाएर पोल्ने कामै ठप्प भएको उनले बताए । भक्तपुर नगरका कुमाले समुदायको पुख्यौली पेशा नै माटाका भाँडा बनाउने हो । झरीका बेला बनाएका भाँडा समयमै सुकाएर पोल्न नपाएर बिग्रिने हुँदा पेशा नै विस्थापित हुने भन्ने डर कुमाले समुदायमा छ । *रासस*

# विश्व आदिवासी दिवस मनाउने तयारी

**काठमाडौं (प्रस)–** २९औं विश्व आदिवासी दिवस मनाउन मूल समारोह समिति बनाइएको छ । यो दिवस यही साउन २४ गते मनाइने भएको हो ।

नेपाल आदिवासी जनजाति महासंघले हरेक वर्ष अगस्ट ९ का दिन मनाउँदै आएको उक्त दिवस यस वर्ष पनि मनाउने निर्णय गरिएको महासंघका वरिष्ठ उपाध्यक्ष बुद्ध घर्तीले जानकारी दिए ।

महासंघको बैठकले उक्त दिवसका लागि केन्द्रीय अध्यक्ष गेल्जे लामा शेर्पाको संयोजकत्वमा सचिवालयका पदाधिकारी सदस्य रहनेगरी मूल समारोह समिति गठन गरेको छ । बैठकले उक्त दिवसका अवसरमा काठमाडौंमा आयोजना गरिने मूल समारोहमा प्रधानमन्त्री पुष्पकमल दाहाललाई आमन्त्रण गर्ने निर्णय गरेको छ ।

सो दिवसमा अवसरमा विभिन्न जातीय समुदायको झाँकी तथा ऱ्याली प्रदर्शन गरिने, फुड फेस्टिभल आयोजना गरिने एवं विविध सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिने बताइएको छ । त्यस अवसरमा अन्य विभिन्न जातीय संघ संस्थासँग मिलेर साताव्यापी विभिन्न कार्यक्रम गरिनेसमेत महासंघले जनाएको छ ।

संयुक्त राष्ट्रसंघले अगस्ट ९ लाई विश्व आदिवासी दिवसका रूपमा मनाउने घोषणा गरेपछि सन् १९९४ देखि हरेक वर्ष विश्वका आदिवासीले यो दिवस मनाउन थालेका हुन् ।

## एक चिनियाँसहित...

पृष्ठ १ बाट जारी

दैनिक जसो दुई/तीन किलो सुन बरामद गरिरहेको र सुन तस्करी व्यापक रहेको देखिएको बताए ।

पछिल्लो अवैध सुन भने रेडी ट्रेड प्रालि भएको पाइएको छ । कम्पनीले खरिद गरेर ल्याएको बाइकको १६० सेट 'ब्रेक शू'को आठवटा प्याकेटमा ल्याएको राजस्व अनुसन्धान विभागका सूचना अधिकारीले बताए । जम्मा वजन बट्टासहित १५५ किलो भएको बताइएको छ ।

विमानस्थल प्रयोग गरी सुन तस्करी भएको यो अहिलेसम्मकै ठूलो घटना हो । पछिल्लो नौ वर्षमा तस्करीबाट भित्रिएको सुनको मात्रा ६६५ केजी ५०० ग्रामभन्दा बढी सुन बरामद भएको प्रहरीको तथ्यांक छ । नेपाल प्रहरी, सशस्त्र प्रहरी, भन्सार र राजस्वसहितका विभिन्न निकायले हङकङ, दुबई, चीनलगायत मुलुकबाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलसहितका नाका हुँदै ल्याएको उक्त परिमाणमा सुन बरामद गरेका हुन् ।

यसअघि २०७४ मा पनि ३३ किलो सुन प्रकरण खुबै चर्किएको थियो । त्यतिबेला सुन तस्करी भइसकेको तर तस्करीमा संलग्न टिमबीच विवाद हुँदा सनम शाक्यको हत्या भएपछि पोल खुलेको थियो । घटनामा संलग्न केही व्यक्ति गिरफ्तार भए तर सुन भेटिएन ।

त्यसबाहेक रसुवा नाकाबाट तस्करी भएको ८८ किलो सुन प्रकरण पनि त्यसरी नै सेलाएको थियो । यो पटक भने तस्करी हुन लागेको सुनसँग व्यक्ति पनि पक्राउ परेका छन् । नयाँ आर्थिक वर्ष सुरु भएको दोस्रो दिन नै झण्डै एक अर्ब रूपैयाँभन्दा बढीको सुन बरामद भएको छ । यो मात्रा हेर्दा विगत पाँच वर्षमा भएको सुनको मात्राको आधा एकैपटकमा बरामद भएको देखिन्छ ।

विगत पाँच वर्षमा करिब १२२ किलोग्राम अवैध सुन बरामद भएको तथ्यांक छ । आर्थिक वर्ष २०७५/७६ देखि आर्थिक वर्ष २०७९/८० सम्म आइपुग्दा १२२ किलो अवैध सुन बरामद गरियो । र, त्यसबापत राज्यले करिब दुई अर्ब रूपैयाँ राजस्व संकलन गरेको छ ।

## महामन्त्री त...

पृष्ठ १ बाट जारी

सदस्यसमेत रहेका गण्डकीका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले महामन्त्री थापाले अतिरञ्जित कुरा गरेको आरोप लगाए । पछिल्ला दिनहरूमा थापाले संसदीय दलको नेता परिवर्तन गर्नुपर्ने धारणा राख्दै आएका छन् । उक्त बोलीप्रति लक्षित गर्दै पाण्डेले देउवा डुबे गगन पनि डुब्ने चेतावनी दिए ।

'पार्टीको नेगेटिभ भ्रम फैलिने गरी अतिरञ्जित नगरौं । शेरबहादुर देउवा डुबेपछि गगन थापा पनि डुब्नुहुन्छ, सुरेन्द्र पाण्डे पनि डुब्छ । सबै एउटै डुंगामा छौं । यो डुंगालाई पार लाउन कठिन छ,' पाण्डेले भने ।

अर्का केन्द्रीय सदस्य चन्द्रबहादुर केसीले भने थापालाई हतार नगर्न सुझाव दिए । 'एउटा व्यक्ति विशेषले संसदीय दलको नेता चाहियो, पार्टी सभापति चाहियो भन्दैमा समय र परिस्थितिको ख्यालै नगरी बेमौसमी बाजा बजाएर जन्ती पाइन्न कि ! त्यतातिर ध्यान जाओस्,' केसीले भने, 'भन्ने एउटा, गर्ने एउटा, लेख्ने एउटा । गगनजी, हतार गर्न पर्दैन, यु वेट । एभ्री डे इज सन्डे ।'

महामन्त्रीद्वमाथि केन्द्रीय सदस्यहरू खनिएपछि प्रकाश रसाइली 'स्नेही'ले भने सहानुभूति देखाए । महामन्त्रीहरूलाई विचरा बनाइएको उनको टिप्पणी थियो । एक वर्षअघि गायिका विष्णु माझीको स्वरमा रहेको चर्चित गीत 'चरी जेलै'माको उदाहरण दिँदै रसाइलीले महामन्त्रीहरूको केही अधिकार नभएको तर्क गरेका हुन् । 'महामन्त्रीहरू विचरा बबुरा चरी जेलैमा, सबै अधिकार सभापतिलाई हुने रहेछ,' उनले भने, 'अनि केही कुरा हुँदैन, त्यही भएर सबै कुरा बाहिर आउँछ । सभापतिले पनि महामन्त्रीलाई सघाउनुपर्छ ।'

उनले ११ महिनासम्म बैठक राख्न नसक्ने पार्टीले जनताका मुद्दा सम्बोधन गर्न नसक्ने बताए । आफूहरू टुलुटुलु हेरेर बस्न बाध्य भएको उनको भनाइ थियो । '११ महिनासम्म बैठक राख्न नसक्ने पार्टीले कसरी जनअपेक्षा सम्बोधन गर्छ ?,' उनको प्रश्न थियो, 'हामी केन्द्रीय सदस्य कहिले बैठक बस्ला भनेर टुलुटुलु हेरेर कुर्न बाध्य भएका छौं ।'


**माडी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बसन्तपुर, चितवन**
**बागमती प्रदेश, नेपाल**

**ठेक्का तोडी कारबाही प्रक्रिया अगाडी बढाउने सम्बन्धि सूचना**

**प्रकाशित मिति : २०८०/०४/०५**

माडी नगरपालिका मार्फत तपशिल बमोजिमका योजना र ठेक्का बिभिन्न मितिमा सूचना प्रकाशित गरि ठेक्का खोलि कार्य सम्पादन गर्ने जिम्मेवारी लिई कार्यादेश तथा सम्झौता गरिएका निर्माण व्यबसायीहरुले तोकिएको मितिमा कार्य सम्पन्न नगरेको, पटक पटक मौखिकरुपमा जानकारी र ताकेता गराउदा अटेरी गरेको र कार्य सम्पन्न गर्नका लागि बिभिन्न मितिमा कार्यालयबाट पत्राचार हुँदा समेत वास्ता नगरी निर्माण कार्य अलपत्र पारेको हुँदा, सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ को उपदफा ७ तथा माडी नगरपालिकाको सार्वजनिक खरिद नियमावलीको नियम १५२ को उपनियम ४ बमोजिम खरिद सम्झौता अन्त्य गरि कानुनी कारबाही किन नगर्ने ? यदि कानुन बमोजिम कारबाही अघि बढाउन नपर्ने भए सूचना प्रकाशित भएको मितिले सात दिन भित्र कारबाही गर्नु नपर्ने कारण सहित चित्तबुझ्दो जवाफ पेश गर्नुहोला अन्यथा कानुन बमोजिमको कारबाही भई जाने व्यहोरा सुचित गरिन्छ ।

**तपसिल**

| सि.न. | ठेक्का न.– | योजनाको नाम | निर्माण व्यबसायी | कैफियत |
|---|---|---|---|---|
| १. | NCB/MMO /03/076-77 | Construction of Black Top Road From Tamu Chowk to Puspa Madan Batika in ward no.- 6 | भवानी निर्माण सेवा, गढवा - ५ , दाङ | GCC: 57.2 (a,b,c) बमोजिम कारबाही प्रयोजनार्थ |
| २. | NCB/MMO /11/077-78 | Construction of Black Top Road From Govinda Basti to Kanchi Bagai in ward no.- 9 | इच्छाकामना निर्माण सेवा भरतपुर - १० ,चितवन | GCC 72.1 (a,b,c) बमोजिम कारबाही प्रयोजनार्थ |
| ३. | NCB/MMO /18/077-78 | Construction of Black Top Road at Different Road in ward no.- 1,2 & 4 | जस्ना कन्स्ट्रक्सन प्रा.लि. भरतपुर -११, चितवन | GCC 72.1 (a,b,c) बमोजिम कारबाही प्रयोजनार्थ |
| ४. | NCB/MMO /19/077-78 | Construction of Black Top Road Different Road in ward no.- 3,,5 & 6 | जस्ना कन्स्ट्रक्सन प्रा.लि. भरतपुर -११, चितवन | GCC 72.1 (a,b,c) बमोजिम कारबाही प्रयोजनार्थ |
| ५. | NCB/MMO /20/077- 078 | Construction of Black Top Road Different Road in ward no.- 7 & 8 | जस्ना कन्स्ट्रक्सन प्रा.लि., भरतपुर -११, चितवन | GCC 72.1 (a,b,c) बमोजिम कारबाही प्रयोजनार्थ |
| ६. | NCB/MMO /01/078-079 | Construction of Black Top Road From Aambabaas Chowk to Kun-tipur Sitalpur in ward no.- 1 | पाठक कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.,माडी -३, चितवन | GCC 72.1 (a,b,c) बमोजिम कारबाही प्रयोजनार्थ |
| ७. | NCB/MMO /03/078-079 | Construction of Black Top Road Kharkatta Gate to Shivaduwar-Ghanghar Pul in ward no.- 8 | पाठक कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.,माडी -३, चितवन | GCC 72.1 (a,b,c) बमोजिम कारबाही प्रयोजनार्थ |

**प्रमुख प्रशासकीय अधिकृत**



**Shuklaphanta Municipality**
**Office of Municipal Executive**
**Jhalaari, Kanchanpur**
**Sudurpaschim Pradesh**

**INVITATION FOR BIDS**

**(First Date of Publication: 2080/04/05 [2023-07-21])**

| Contract ID | Project Description | Estimated Amount (Without VAT) | Bid Bond Security, 120 days Validity (NRs) | Date and Time of Bid Submission | Date and Time of Bid Opening |
|---|---|---|---|---|---|
| SMP/080-81/ NCB/SGS/05 | Supply and Delivery of stationary related materials in Shuklaphanta Municipality | 2583475.00 | 77000.00 | 2080/05/03(2023-Aug- 20) 12:00 PM | 2080/05/03 (2023-Aug- 20) 13:00 PM |

| Cost of bidding document: Rs.3000 should be deposited at: | Bid Bond Security amount should be deposited at: |
|---|---|
| ✓ Name of the Bank: Everest bank ltd, Jhalari branch, Kanchanpur | ✓ Name of the Bank: Everest bank ltd, Jhalaari branch, Kanchanpur |
| ✓ Name of Account: GA-1.1 AANTARIK RAJASWA KHATA | ✓ Name of Account: GA-3 STHANIYA TAHA DHARAUTI KHATA |
| ✓ Office Account No.: 05910106200002 | ✓ Office Account No.: 05910106200016 |

# 'कानुन उल्लंघन र बेथितिलाई छुट दिइँदैन'




**काठमाडौं (प्रस)–** उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले उपभोक्ता अधिकारको उल्लंघन तथा स्वच्छ बजार प्रवर्द्धनमा हुने बेथितिलाई सरकारले छुट नदिने बताएका छन् । उपभोग्य वस्तुको सहज उपलब्धता, भन्सार छली, चोरी निकासी पैठारीलगायत विषयमा गृह मन्त्रालयमा बिहीबार आयोजित छलफलमा उनले उपभोक्ता हितलाई केन्द्रमा राखेर सरकार अगाडि बढ्ने बताए ।

'कानुन उल्लंघन र बेथितिलाई सरकारले छुट दिँदैन,' उपप्रधानमन्त्री श्रेष्ठले भने, 'गुणस्तरीय र सुपथ मूल्यमा दैनिक आवश्यकताका पूरा गर्न पाउने उपभोक्ताको अधिकार हो ।' उनले सरोकारवाला सबै पक्षसँगको छलफलबाट अनुगमनलाई प्रभावकारी बनाइने बताए ।

'अनुगमनलाई कसरी प्रभावकारी बनाउने, कालाबजारी र नक्कली वस्तुलाई नियन्त्रण गर्ने, उपभोक्ताले कसरी गुणस्तरीय वस्तु सहज ढंगले उचित मूल्यमा प्राप्त गर्ने विषयलाई केन्द्रमा राखेर काम गर्ने छौं,' उनले भने ।

उद्योग, व्यवसाय क्षेत्रमा हुने अनियमितालाई ठीक ढंगबाट अनुगमन गर्न आवश्यक रहेको उल्लेख गर्दै उनले व्यवसायीले भोग्नुपरेका समस्या समाधान गरिने स्पष्ट पारे । 'उद्योगी व्यवसायीका पनि केही समस्या छन्, त्यसलाई समाधान गर्न पनि आवश्यक छ,' उनले भने ।

गृहमन्त्री श्रेष्ठले व्यवसायमा देखिएका कमजोरी सच्याउने र समस्या भए समाधान गर्ने दिशातर्फ प्रभावकारी कदम चाल्नु आवश्यक भएको धारणा राखे ।

उनले उपभोक्ता अधिकारलाई कुण्ठित गर्ने काम भइरहेको तथा सुधार गर्नुपर्ने विषयमा सरकारलाई सुझाव दिन उपभोक्ता अधिकारकर्मीसँग आग्रह गरे । उपप्रधानमन्त्री श्रेष्ठले समृद्धिको प्रतिफल आमजनतालाई प्राप्त हुनेगरी सामाजिक न्याय स्थापित गर्न वर्तमान सरकारले सुशासनमा जोड दिइरहेको बताए । 'सरकार सुशासनलाई पूर्वसर्त बनाएर अगाडि बढिरहेको छ । सुशासनबाट नै समृद्धिको लक्ष्यलाई साकार रूप दिन सकिन्छ,' उनले भने ।

अर्थतन्त्रलाई लयमा ल्याएरमात्रै समृद्धिको लक्ष्य प्राप्त गर्न सकिने उल्लेख गर्दै उनले राज्यलाई सुदृढ गराउन सरकारको ध्यान केन्द्रित भएको बताए । छलफलमा उपभोक्ता अधिकारकर्मीले प्रत्येक वस्तु तथा सेवाको खरिदमा उपभोक्ता ठगिएको, नियमनकारी निकायलाई साधनस्रोत सम्पन्न बनाउनुपर्ने, उपभोक्ता अधिकारसम्बन्धी ऐन पुनःलेखन गर्नुपर्नेमा जोड दिएका थिए ।

उद्योगी व्यवसायीले व्यापार व्यवसायमा सरकारले सहयोग गर्नुपर्ने, व्यापार सहजीकरणसम्बन्धी संयन्त्रमा वास्तविक व्यापारीको प्रतिनिधित्व हुनुपर्नेमा बताएका थिए ।


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MAZAYA RECRUITMENT

पूर्व स्वीकृति मिति : २०८०/०४/०४ LT. No.289673 चलानी नं. ६०२०१४९९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bricklayer Assistant | 10 | 0 | 1200 | ४२,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician Assistant | 10 | 0 | 1100 | ३९,४०५ | | | | | | | |
| 3 | Building Labourer | 10 | 0 | 1000 | ३५,८२५ | | | | | | | |
| 4 | Construction Carpenter | 10 | 0 | 1200 | ४२,९९० | | | | | | | |
| 5 | Concrete Mason | 10 | 0 | 1200 | ४२,९९० | | | | | | | |
| 6 | Stonemason | 10 | 0 | 1200 | ४२,९९० | | | | | | | |
| 7 | Gunsmith | 10 | 0 | 1200 | ४२,९९० | | | | | | | |
| 8 | Civil Engineer Labourer | 10 | 0 | 800 | २८,६६० | | | | | | | |
| 9 | Electrician | 10 | 0 | 1200 | ४२,९९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १२ गते (28th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Avion Human Resource Management Pvt. Ltd.**

AVION
श्रम इजाजत नं. १५२४/०७४/७५

Sinamangal-9, (Airport Gate) Kathmandu, Nepal.
Tel No.: +977 1 4499632, 4484744 Fax: +977-1-4479363
Email: avionhumanrm@gmail.com., Website: www.avionhrm.com.


# स्वास्थ्य सेवामा सूचना प्रविधिको प्रयोग बढाउन जोड

■ प्रभाव संवाददाता

**काठमाडौं–** स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतले स्वास्थ्य सेवामा सबैको पहुँच पुऱ्याउन सूचना प्रविधिको प्रयोग बढाउन आवश्यक भएको बताएका छन् ।

राष्ट्रिय डिजिटल स्वास्थ्य दिवसको अवसरमा मन्त्रालय र विश्व स्वास्थ्य संगठन (डब्ल्यूएचओ)को सहकार्यमा बिहीबार यहाँ आयोजित कार्यक्रममा बेलायतबाट भिडियो सन्देशमार्फत सम्बोधन गर्दै मन्त्री बस्नेतले ७३ प्रतिशत परिवारमा मोबाइल सेवा र ३८ प्रतिशत परिवारमा इन्टरनेट पुगिसकेको अवस्थामा सूचना प्रविधिको प्रयोग गरेर स्वास्थ्य सेवामा सबैको सहज पहुँच पुऱ्याउन दत्तचित्त भएर लाग्नुपर्ने बेला आएको बताएका हुन् ।

'सूचना प्रविधिको विश्वव्यापी प्रतिस्पर्धामा स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि जरुरी भएकाले स्वास्थ्य मन्त्रालयले यसलाई अघि बढाएको छ,' मन्त्री बस्नेतले भने । यस वर्ष 'स्वास्थ्यमा सर्वव्यापी पहुँचका लागि डिजिटलीकरण' नार ासहित स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले यो दिवस मनाएको हो ।

कार्यक्रममा मन्त्री बस्नेतका जनस्वास्थ्य सल्लाहकार विश्वरूप खड्काले सूचना प्रविधिको प्रयोग एकद्वार प्रणालीमार्फत हुनुपर्नेमा जोड दिँदै एकद्वार प्रणाली पूर्णरूपमा लागू नभएकाले मन्त्रालयका महाशाखापिच्छे फरक-फरक तथ्यांक आउने समस्या रहेको बताए । मन्त्रालयका अतिरिक्त सचिव डा.विकाश देवकोटाले अहिलेको युग नै सूचना प्रविधिको युग भएको बताउँदै टेलिमेडिसिनदेखि पेपरलेस सेवा दिनका लागि स्वास्थ्यमा सूचना प्रविधिको विकास र विस्तार आवश्यक रहेको बताए ।

स्वास्थ्य सेवा विभागका महानिर्देशक डा. दीपेन्द्ररमण सिंहले स्वास्थ्य सेवाको सर्वव्यापी पहुँच स्थापना गर्न सूचना प्रविधिलाई स्वास्थ्य सेवासँग जोड्दै लैजानुपर्ने आवश्यकता औंल्याए ।

कार्यक्रममा विश्व स्वास्थ्य संगठनका नेपाल प्रतिनिधि डा. राजेश एस पाण्डवले स्वास्थ्यमा सूचना प्रविधिको प्रयोगले मात्र अहिलेको अवस्थामा स्वास्थ्य क्षेत्रका चुनौतीको सामना गर्न सकिने दाबी गर्दै मन्त्रालयले यस विषयमा आवश्यक पहल गरिरहेकोमा खुसी व्यक्त गरे ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अनुगमन महाशाखाका प्रमुख डा. मदन उपाध्यायले स्वास्थ्य सेवा छिटो र छरितो रूपमा प्रवाह गर्न सूचना प्रविधिले ठूलो भूमिका खेल्ने भएकाले वर्षैभरि डिजिटल स्वास्थ्य दिवस मनाउनुपर्ने आवश्यकता रहेको बताए । कार्यक्रममा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अधिकारी, सूचना तथा प्रविधि मन्त्रालयका अधिकारी, प्रदेश सरकारका स्वास्थ्य मन्त्रालय र क्षेत्रीय स्वास्थ्य निर्देशनालयका अधिकारीको सहभागिता थियो ।

सांसद गौतमले भने–

# सेनाबारे जथाभावी अभिव्यक्ति नदिऔं



**काठमाडौं (प्रस)–** सांसद वामदेव गौतमले नेपाली सेनालाई कमजोर आकलन गर्न नहुने बताएका छन् । राष्ट्रिय सभाको बिहीबारको बैठकको विशेष समयमा सांसद गौतमले नेपाली सेनाले अप्ठ्यारो परेका बेला देश र जनतालाई सधैं सहयोग र योगदान गर्दै आएको स्मरण गर्दै नेपाली सेनाबारे जथाभावी अभिव्यक्ति दिन नहुने धारणा राखे ।

'नेपाली सेना राज्यशक्तिको नाम हो । सार्वभौमसत्ता, सीमाको रक्षा र राष्ट्रमा आइपर्ने जुनसुकै विपद्मा ज्यानको बाजी राखेर परिआएको खण्डमा बलिदान दिनेगरी सेवारत नेपाली सेनालाई यसरी अपमान गर्न हुँदैन,' उनले भने ।

सांसद गौतमले नेपाली सेनाको इतिहासको स्मरण गराउँदै सेनाले विभिन्न क्षेत्रमा आफूलाई अब्बल बनाउँदै आएको उल्लेख गरे । 'देशलाई बलिदानी दिन तयार रहेर सेवारत सेनालाई कमजोर बनाइनुहुन्न । राज्यका चार वटा अंगमध्ये एउटामात्रै अंग कमजोर भए हामीले दुर्घटना बेहोर्नुपर्छ । त्यसैले नेपाली सेनालाई अपमान गर्न हुँदैन,' उनले भने ।

'सेनाको संख्या घटाएर त्यसबाट बचेको रकमबाट देश विकास गर्नुपर्छ' भन्ने दिएको अभिव्यक्तिको कटाक्ष गर्दै सांसद गौतमले सेनालाई कमजोर तुल्याउने गरी कुनै पनि काम गर्न नहुनेमा जोड दिए ।

## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १० अंक ८८ साउन ०४ गते २०८० मा प्रकाशित Cosmo International Overseas Pvt. Ltd. को Lot No. 289552 को Syarikat cheng Sun Quarry Sdn Bhd कम्पनीको विज्ञापनमा **मलेसियामा वैदेशिक रोजगारको अवसर तथा सेवा शुल्क: नि:शुल्क** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याईएको जानकारी गराईन्छ ।

Cosmo International Overseas Pvt. Ltd. (Overseas Employment Consultants)
Govt. License 280/058/059
P.O. Box No.: 9140 Minbhawan, Kathmandu, Nepal
Tel : +977-1-4115190, 4115191 Fax : +977-1-4115189
E-mail : cosmointlpvt@gmail.com, kcshym_2008@yahoo.com Web : www.cosmointernational.com.np

## मोटरसाइकल हराएको सूचना

मिति २०८०/०३/२९ गते गोकर्णश्वर न.पा ८, प्रगतिचोक स्थित आफ्नै डेरा कोठा अगाडि पार्किङ गरिराखेको अवस्थामा २२० F cc पल्सर कालो, रातो रंगको मोटरसाइकल दिउँसोको करिब १२:०० देखि ४:०० बजेको समयभित्र हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नं. मा सम्पर्क गरिदिनुहोला ।

**धनीको नाम : दिपेन पाख्रिन**
**बाइक नं.: बा प्र. ०२-०४१ प ००८८**
**च्यासिस नं.: MD2A13EX6MCJ98915**
**इन्जिन नं. : DKXCMJ33168**
**सम्पर्क: ९८५१०६४१७१**


## कतार/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LIBERTY GRAND

पूर्व स्वीकृति मिति २०८०/०२/२६ पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/०४ LT. No. 287507 चलानी नं. ६०२०२९४४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 20 | 15 | 1000 | ३६,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : QABIL MOHAMMED SARHAN AL-DAUSARI TRADING

पूर्व स्वीकृति मिति २०८०/०४/०३ LT. No. 289643 चलानी नं. ६०२०४९०६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labor | 20 | 0 | 1000 | ३५,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : TAWAKD CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति २०७९/१२/०२ पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/०४ LT. No. 282856 चलानी नं. ६०१९८२६२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading & Unloading Labour | 30 | 0 | 1000 | ३५,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Labour | 3 | 0 | 1000 | ३५,०५५ | | | | | | | |

कम्पनी : ABDUL RAHMAN AL-OTAISHAN &SONS GROUP CO. LLC

पूर्व स्वीकृति मिति: २०८०/०३/०५ पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/०४ LT. No.288147 चलानी नं. ६०२०३४४७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labour | 4 | 0 | 1000 | ३५,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Building Labour | 13 | 0 | 1000 | ३५,०५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १२ गते (28th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

TARGET
श्रम इजाजत नं.८३३/०६६/०६७

**Target Consultant Human Resources Pvt. Ltd.**

Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com


## हाम्रो त्रिवेणी बचत तथा ऋण सहकारी संस्था लि.

**Hamro Triveni Saving & Credit Co-Operative Ltd.**

का.म.न.पा.-६, बौद्ध काठमाडौं, फोन नं. ०१-४९१२८९७, ४९१०५०८

## धितो लिलाम विक्री सम्बन्धी १५ दिने अत्यन्त जरुरी सूचना

दोस्रो पटक प्रकाशित मिति: २०८०/०४/०५

यस संस्थाबाट तपशिलमा उल्लेखित ऋणी एवं धितो जमानीकर्ताले उपभोग गरेको ऋणको सावा ब्याज र हर्जाना रकम तिर्न बुझाउन पर्नेमा हालसम्म नबुझाई ऋण सम्बन्धी शर्त तथा बन्देजहरू उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित पत्रद्वारा सूचना गर्दा समेत तिर्न बुझाउनु पर्ने ऋणको सावा, ब्याज, हर्जना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाकी रहेको हुनाले यो धितो लिलाम सम्बन्धी १५ दिने सूचना प्रकाशित गरिएको छ । अत: उल्लेखित म्यादभित्र तपसिलमा उल्लेखित धितो सुरक्षण सम्पत्ति लिलाम विक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ, संस्था, फर्म, कम्पनी तथा सर्वेसाधारण महानुभावहरूले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आफूले कबोल गरेको रकम सहितको बोलपत्र पेश गर्नु हुन एवम् ऋणी तथा जमानीकर्ताले संस्थाको लेना रकम १५ दिनभित्र चुक्ता गर्नुहुन समेत अनुरोध गदर्छौं । अन्यथा सूचना प्रकाशित भएको १६ औं दिनमा प्राप्त बोलपत्र खोलिने छ । साथै लिलाम विक्रीमा सो सुरक्षण धितो सम्पत्ती कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा वा धितोकर्ताले समेत आफूले दिएको जमानतको घरजग्गा फिर्ता लिन ऋणको सावा, ब्याज, हर्जना तथा अन्य लागेको दैदस्तुरको रकम समेत चुक्ता नगरेमा वा चुक्ता गर्न पहल नगरेमा सहकारी सम्बन्धी ऐन, नियमावली, प्रचलित नीति नियम तथा प्रचलित कानुन बमोजिम यस संस्थाको विनियमले दिएको अधिकार प्रयोग गरी ऋणीलाई लेखिदिएको धितो लिलाम विक्री वा धितो सुरक्षण सम्पत्ति यस संस्था आफैले सकार गरी लिने व्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ । धितो लेखिदिएको सम्पत्ति लिलाम विक्री गर्दा वा संस्था आफैले सकार गर्दा साबिकमा संस्थाबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा विक्री भई वा मेरो हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा विक्री भई वा संस्था आफैले सकार गरी लियो भनी कहीकतै उजुरबाजुर गर्न पाउने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम विक्रीबाट पनि यस सस्थाको सम्पूर्ण लेना रकम असुलउपर नभएमा सम्बन्धित ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा सम्पत्तिबाट समेत असुलउपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई कानुन वमोजिम कालो सूचिमा समावेश गरिने ब्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गराइन्छ ।

**तपसिल**

| सि.नं | ऋणीको तीनपुस्ते, नाम र ठेगाना | धान जमानी दिनेको तीन पुस्ते, नाम र ठेगाना |
|---|---|---|
| १. | **नाम : शम्भु थापा**<br>बुबा : टेक बहादुर थापा<br>बाजे : धिर बहादुर थापा<br>ठेगाना : चितवन जिल्ला भरतपुर<br>महानगरपालिका वडा नं. १२<br>(साविक चितवन जिल्ला<br>भरतपुर उ.म.न.पा. वडा नं. १२)<br>ना.प्र.न. ३५१४१४७/०५६ चितवन<br>जारी मिति: २०५६।०८।१७ | **नाम : उमा श्रेष्ठ थापा**<br>बुबा : नरेन्द्र कुमार श्रेष्ठ<br>पति : शम्भु थापा<br>ससुरा : टेक बहादुर थापा<br>ठेगाना : चितवन जिल्ला भरतपुर<br>महानगरपालिका वडा नं. १२<br>(साविक चितवन जिल्ला भरतपुर<br>उ.म.न.पा.वडा नं. १२)<br>ना.प्र.न. ३५७३८२/१७६२ चितवन<br>जारी मिति: २०५९।०३।२४<br><br>**२. नाम : प्रेममति देवी थापा**<br>पति : टेक बहादुर थापा<br>ससुरा : धिर बहादुर थापा<br>ठेगाना: चितवन जिल्ला भरतपुर माहानगरपालिका<br>वडा नं. १२ (साविक चितवन जिल्ला भरतपुर गाविस वडा नं.१२ (ना.प्र.न. १५६० चितवन<br>जारी मिति: २०४५।०१।०७) |
| **धितोको विवरण:**<br>१. श्री शम्भु थापाको नाममा श्री मालपोत कार्यालय भरतपर चितवनमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला मंगलपुर गाविस वार्ड नं.१ को कित्ता नं. १८८७ को जम्मा क्षेत्रफल १६९३.१५ वर्ग मिटर जग्गा र सो ले चर्चेको लिगलगापात समेत ।<br>२. श्री शम्भु थापाको नाममा श्री मालपोत कार्यालय माडी चितवनमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला गर्दी गाविस वार्ड नं. ७ को कित्ता नं. १६३, १५३ र १५८ को क्षेत्रफल ३३८.६३, ४२३.२८ र ९३१.२१ वर्ग मिटर जम्मा जग्गा र सो ले चर्चेको लिगलगापात समेत ।<br>३. श्री प्रेममति देवी थापाको नाममा श्री मालपोत कार्यालय माडी चितवनमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला गर्दी गाविस वडा नं.७ को कित्ता नं.१५५, १६० र १६५ को क्षेत्रफल ११७६.७२, ५७९९.०३ र ३८६०.३७ वर्ग मिटर जम्मा जग्गा र सो ले चर्चेको लिगलगापात समेत । | | |
| ४. | **नाम : गिता थापा**<br>बुबा : तेज बहादुर थापा<br>पति : ज्ञान बहादुर थापा<br>बाजे : हर्क बहादुर थापा<br>ठेगाना : चितवन जिल्ला<br>भरतपुर महानगरपालिका<br>वडा नं.१२ (साविक चितवन जिल्ला<br>भरतपुर न.पा.वडा नं. १२)<br>ना.प्र.न. ४१९ चितवन<br>जारी मिति: २०४५।०३।२१ | **नाम : सुनिल थापा**<br>बुबा : ज्ञान बहादुर थापा<br>बाजे : टेक बहादुर थापा<br>ठेगाना : चितवन जिल्ला<br>भरतपुर महानगरपालिका वडा नं.१२<br>(साविक चितवन जिल्ला भरतपुर<br>उ.म.न.पा. वडा नं. १२)<br>ना.प्र.न. ३५/३५१०२५/६८) चितवन<br>जारी मिति: २०६७।०१।१५ |
| **धितोको बिवरण:** श्री गिता थापाको नाममा श्री मालपोत कार्यालय भरतपर चितवनमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला भरतपुर गाविस वडा नं. ३ को कित्ता नं. ८२८९ को जम्मा क्षेत्रफल १६९.३० वर्ग मिटर जग्गा र सो ले चर्चेको लिगलगापात समेत । | | |

**शर्तहरू :**

१. बोलपत्र फाराम यस संस्थाको कार्यालयहरूबाट रु.१०००।- (अक्षेरुपी एक हजार रुपैया मात्र) मा फिर्ता नहुने गरी खरिद गर्न सकिने छ ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अकं र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्छ । बोलपत्र फाराममा आफूले लिन चाहेको अचल सम्पतीको विवरण यस संस्थाबाट प्रकाशित सूचनाको आधारमा नै भर्नुपर्नेछ । उल्लेखित अचल सम्पत्तिको स्पष्ट विवरण उल्लेख गरी सो को मूल्य अंक र अक्षरमा भर्नुपर्नेछ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिइनेछ ।
३. बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम यस संस्थाको केन्द्रीय कार्यालयको नाममा रहेको **नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.**को बौद्ध शाखामा रहेको खाता न 11101050001793 मा जम्मा गरेको सक्कल भौचर वा यस सस्थामा नगदै जम्मा गरेको भौचर बोलपत्र साथ पेश गर्नुपर्नेछ ।
४. लिलाम विक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै यस संस्थाको केन्द्रीय कार्यालय का.म.न.पा.पा. बौद्धमा कार्यालय सञ्चालन समयभित्र सम्पर्क राखि जे जस्तो अबस्थामा छ सोहि अबस्थामा निरिक्षण गर्न सकिनछ । साथै सोहि अवस्था वा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।
५. बोलपत्र स्वीकृत भएको सूचना पाएको ७ दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पती आफ्नो नाममा नामसारी गरी लिनू पर्नेछ । सो म्याद भित्र रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुनेछ । नामसारी गर्दा लाग्ने दस्तुर, पूजिगत लाभकर, पानी बत्ति बिजुली, मालपोत कर दस्तुर सदर भएको बोलपत्रदाताले बहन गर्नुपर्नेछ ।
६. बोलपत्र दाखिला भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरूमा कनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिइने छैन ।
७. रित नपूगेको वा म्याद नाघि पेश हुन आएको बोलपत्र स्वत: रद्ध हुनेछ ।
८. बोलपत्र स्वीकार गर्ने वा अस्वीकार गर्ने र लिलाम सम्बन्धी सम्पूर्ण कार्यगर्ने अधिकार संस्थामा निहित हुनेछ ।
९. बोलपत्र सदर बदर हुनु अगाबै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरू रद्ध गरी धरौटी फिर्ता दिन सकिनेछ । धरौटी स्वरुप राखेको रकममा ब्याज दाबी गर्न पाइने छैन ।
१०. उल्लेखित धितोपत्रहरूका लागि एकमुष्ट वा छुट्टा छुट्टै बोलपत्र पेश गर्न सकिनेछ ।
११. लिलाम सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र बोलपत्र पेश गर्न सकिनेछ । उक्त दिन बिदा परेमा सो को भोलपल्ट कार्यालय समयभित्र पेश गर्न सकिनेछ । लिलाम सूचना प्रकाशित मितिले १६ औं दिन दिउँसो कार्यालय सञ्चालन समयभित्र संस्थाको केन्द्रीय कार्यालयमा बोलपत्र खोलिनेछ । यदि १५ औं दिनमा सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको दिनमा उल्लेखित समयमा बोलपत्र खोलिनेछ । १५ दिनसम्म ऋणी वा धितोवालाले सस्थाको ऋण चूक्ता बुझाई धितो फुकुवा गरी लैजान सक्नेछ ।
१२. प्राप्त भएका बोलपत्रहरू बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधिहरूको रोहवरमा खोलिनेछ । यदी बोलपत्र पेश गर्ने व्यक्ति वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न संस्थालाई बाधा परेको मानिने छैन ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# सेनाबारे 'गैरजिम्मेवार' बहस बन्द गर

नेपाली सेनालाई फेरि जबरजस्त विवादको घेरामा तानेर बहसको विषय बनाएको छ । फास्टट्र्याक निर्माण, कल्याणकारी कोषजस्ता विषयले सेना बेलाबेला विवादमा तानिँदै आएको हो । यसपटक भने सेनाको आकारलाई लिएर बहस छेडेको छ । राष्ट्रिय सभा र प्रतिनिधिसभाका सांसदहरू सदनदेखि सडकसम्म सेनाको विषयलाई लिएर वादविवादमा उत्रिएका छन् । कोही घोडेजात्रामात्र मनाउने सेना काम नभएको बताउँछन् भने कोही कुनै युद्ध लड्न नसक्ने सेनाको काम नभएको तर्क गर्छन् । कुनै सांसदले सेनाको आकार घटाउन नहुने बरु लाख लाख थप्न सकिने तर्क पेस गर्छन् ।

उपप्रधान एवं रक्षामन्त्री पूर्णबहादुर खड्काका अनुसार नेपाली सेनाको दरबन्दी ९६ हजार ४७७ हो । तर, सेनाको हालको संख्या ८१ हजार २७७ मात्र कायम छन् । हाल कायम रहेको नेपाली सेनालाई दुई वटा प्रमुख काममा जिम्मेवारी दिइएको खड्का बताउँछन् । ४० हजार २०७ जनालाई शान्ति सेना, विभिन्न तालिम प्रदान, विपद् व्यवस्थापन तथा र विकास निर्माणका क्षेत्रमा खटाइएको छ भने बाँकी ४१ हजार ७० जनालाई सञ्चालन र ड्युटीलगायतमा । नेपाली सेनालाई भौतिक पूर्वाधार निर्माण, वातावरण तथा प्रकृति संरक्षण र विपद् व्यवस्थापनमा पनि खटाइएको छ । रक्षामन्त्री खड्काले नेपाली सेना विश्वमा शान्ति स्थापनाका दृष्टिले संख्याका रूपमा दोस्रो र प्रभावकारिताका हिसाबले अब्बल रहेको दाबी गरेका छन् । आगामी आर्थिक वर्षमा दुई अर्ब रूपैयाँको हाराहारीमा सेनाका लागि बजेट विनियोजन गरिएको छ ।

नेपाली सेना देशका लागि आवश्यक संस्था हो । बेलाबेला विवादमा तानिए पनि व्यवस्थित संगठन सेना नै रहेको पुष्टि हुँदै आएको छ । यस्तो रहँदारहँदै नेपाली सेनाबारे किन विवाद आउँछ ? राजनीतिक रूपमा संक्रमण सुरु भएकै बेला सेना घटाउने, खर्च कटौती गर्ने भन्ने विषयलाई संशयपूर्ण तरिकाले हेर्ने गरिन्छ । केही अघि पूर्वराजा ज्ञानेन्द्र शाह देश दौडाहमा निस्केका थिए भने अहिले कांग्रेस माओवादी गठबन्धनको सरकार नै ढल्ने हल्ला चलिरहेको छ । यहीबेला माधव नेपाल नेतृत्वको एकीकृत समाजवादीले प्रधानमन्त्रीमा भाग खोज्ने प्रयास गरिरहेको छ । राजनीतिक संक्रमणकाल लागेको बेला सेनाबारे विवाद निकालेर निहुँ खोजिनु पक्कै तर्कपूर्ण होइन । गौरवको इतिहास बोकेको संस्था यदि नचाहिने नै हो भने आमरूपमा यसबारे छलफल चलाइनुपर्छ र जिम्मेवार दलले यसबारे सदनमा बहस चलाउनुपर्छ । नभए देशको सुरक्षाको जिम्मेवारी सम्हालेको सेनालाई पटक-पटक विवादमा तानिनुहुन्न । अनावश्यक विवाद झिकेर गफ गर्ने मेलो बनाइनुहुन्न ।

## मनन्योग्य

### चाणक्य नीति

पुण्डरीकाक्षले भने- 'यी बालक ज्ञान आर्जन गर्न मगध देशबाट आएका हुन् । यिनको बुद्धिको प्रशंसा मेरा एक मित्रले चिठीमा गरेका छन सामान्य व्यक्तिले धेरै प्रयत्न गर्दा पनि नपाउने ज्ञान यिनले पाएका छन् यस्ता कुरा सुनी कुलपतिले अभिभूत भएर भने बिहानै विद्यालय आउन विश्वविद्यालयलाई तिमीजस्तो प्रतिभावान्को आवश्यकता छ । कसरी विष्णुगुप्तले पुण्डरीकाक्ष र कुलपतिका कृपाले विश्वविद्यालयमा प्रवेश पाए ।

समय बित्दै गयो, धेरै वसन्त आए गए । कति पात झरे, पलाए । पूरा निष्ठा र लगनले अध्ययन गर्न लागे विष्णुगुप्त । अध्ययन गर्दै जाँदा पारे समयमा नै उनको बुद्धिमत्ताका कारण सहपाठीहरूमा र आचार्यका दृष्टिमा आफ्नो स्थान उच्च बनाए। पढाउँदा पनि गुरुले विष्णुगुप्तको उपमा दिएर पढाउन लागे । गुरुको सेवामा रहन पाउँदा विष्णुगुप्त आफूलाई धन्य सम्झन्थे । सबै उनका प्रशंसक भए । निरन्तर अध्ययनबाट, विष्णुगुप्तले उपनिषद्, वेद, व्याकरण, गणित, अर्थशास्त्र, राजनीति शास्त्रविद्या, दर्शन, ज्योतिष, रसायन आदि विषयमा पाण्डित्य प्राप्त गरे उनीसँग शास्त्राय गर्न ठूला-ठूला विद्वान्हरू आउन लागे । तर, ती विद्वान्हरूले विष्णुगुप्तबाट हार खानुपर्थ्यो । कुलपतिको अनुरोधद्वारा त्यहीं विश्वविद्यालयमा आचार्य पदमा रही विष्णुगुप्त अध्यापन कार्य गरे । सूरदेशमा पनि उनका ज्ञानको चर्चा हुन थाल्यो ।

तर, यता भारत वर्षको राजनीतिक दशा छिन्नभिन्न थियो । यस समयमा आफ्ना स्वार्थमा लागेर साना राज्य आपसी युद्धमा अल्झिएका थिए । राज्यको सुखसमृद्धिको इच्छा त्यागी भोगविलास र मोजमस्तीमा नै राजाहरू उन्मुख थिए ।

युनानबाट आँधीझैँ बनी सिकन्दरको रूपमा आइरहेथ्यो । यो समय ईशाभन्दा ३२६ वर्षपूर्वको हो । विश्वविजयको सपना देख्दै सिकन्दर आयो । विजयध्वजा फहराउँदै ऊ भारत देशको नजिक आइपुग्यो सिकन्दरले मनको नहद प्यूसँग खाँदै यी खाना राज्यमा बाँडिएका राज्य त्यति शक्तिशाली छैनन् भन्ने सोचेको थियो । उसले सम्झ्यो, साधारण सुझबुझबाट सुनको चुरा हात पर्नेछ । सिकन्दरले भारतमा पाइला टेक्यो । आफ्ना गुप्तचर सबैतिर खटाएर जनतालाई पैसा दिएर लोभमा पारी राज्यहरू र तिनका छेउछाउका राज्यको जानकारी पाउन जालसमेत सिकन्दरले फैलायो । क्रमशः

# दाइजोसम्बन्धी कानुन पालना खोइ

▶▶ रोशनकुमार झा

> छोरीको विवाहका लागि एउटै केटामाथि धेरैले दाबी गर्न थालेपछि लेनदेनरूपी दहेजले मिथिलामा प्रवेश पाएको भनिन्छ । मधेसी समाजमा छोरीलाई 'पराया धन' भन्ने प्रचलन अहिले पनि पाइन्छ । यो मान्यताका कारण छोरीलाई धेरै पढाउनेभन्दा छिट्टै विवाह गरिदिनु यहाँ उचित ठानिन्छ । छोरी दिन्छु, तर दाइजो दिन्नँ भन्ने अभिभावक विरलै भेटिन्छन् । दाइजो होइन, गुणी बुहारी चाहिन्छ भन्ने अभिभावक पनि दुर्लभ छन् ।

आजको २१औं शताब्दीको युगमा पनि नेपाली महिला दाइजो, बोक्सी, छाउपडी, बालविवाह, बहुपति, बहुपत्नीलगायतका कुप्रथा तथा कुसंस्कारजन्य गम्भीर प्रकृतिका हिंसा सहन बाध्य छन् । कतिपय महिला घरेलु हिंसा, बलात्कार, यौनजन्य हिंसा, कार्यस्थलमा हुने, आर्थिक तथा सांस्कृतिक हिंसाको सिकार भई नैसर्गिक मानवअधिकारबाट समेत वञ्चित छन् । विश्वव्यापी समस्याको रूपमा व्याप्त लैंगिक हिंसालाई स्थान तथा परिवेशले फरक पार्दछ । धार्मिक, सांस्कृतिक, सामाजिक परिवेश, शिक्षा र चेतनाको स्तर, आर्थिक सशक्तीकरण र विश्वव्यापीकरणको प्रभावले गर्दा यसको स्वरूप र स्तरमा भिन्नता देखिन्छ ।

महिलाविरूद्ध हुने विभिन्न लैंगिक हिंसाहरूमध्ये दाइजो प्रथा पनि एक प्रमुख घरेलु हिंसाका रूपमा लिइएको छ । नेपाल डेमोग्राफिक हेल्थ सर्भेका अनुसार ३५ प्रतिशत महिलाहरू कुनै न कुनै हिंसाको सिकार भएका छन् । घरेलु हिंसा, बलात्कार, यौनजन्य हिंसा र दाइजो धेरै नपाएको कारणबाट हुने हिंसालगायतका विभिन्न स्वरूपका लैंगिक हिंसाहरूबाट धेरै महिला पीडित छन् । २०६२/६३ को जनआन्दोलन भएलगतै मधेसबाट उठेको मधेस विद्रोहले देशलाई संघीय शासन प्रणालीमा डोर्‍यायो । आज पनि मधेस प्रदेशमा दाइजो प्रथासँगै महिला हिंसाको घटनामा कमी आएको छैन । बढ्दो दाइजो प्रथाका कारण महिला हिंसाका घटनाहरू दिनदिनै बढिरहेका छन् ।

अहिले बदलिदो समयसँग दाइजो लिने स्वरूप पनि बदलिएको छ । दाइजो प्रथाले संस्कृतिको रूप लिन थालेपछि यसको मारमा न्यून आय भएका र आर्थिक अवस्था जर्जर भएका अभिभावक तथा तिनका सन्तति पर्ने गरेका छन् । बालिकाहरूको आर्थिक, सामाजिक एवं शिक्षाको स्तर अत्यन्तै कमजोर रहेको सन्दर्भमा मधेस प्रदेश सरकारले 'मुख्यमन्त्री बेटी पढाऊँ, बेटी बचाऊँ' अभियानले सार्थकता पाउन नसकेको तथ्य मधेस प्रदेशको महिला हिंसाको तथ्यांक र मागेजति दहेज नदिएको निहुँमा बुहारीहरू जलेको घटनाले प्रस्ट पार्छ । कन्या पक्षले विवाहको बेला वर पक्षलाई दिइने सम्पत्ति, नगद, गरगहना र उपहार आदिलाई दाइजो, दहेज र तिलक पनि भन्ने गरिन्छ । कुनै जात र समुदायमा छोरीको विवाहमा केटा पक्षलाई दिइने नगद, गरगहनालगायतको चल अचल सम्पत्ति दहेज वा दाइजो हो भने भनेको विवाहपूर्व केटी पक्षले केटा पक्षसँगको भेटमा दिइने नगद, लुगा, गरगहना आदि तिलक हो ।

प्राचीनकालमा, आफ्नो छोरी कसैको साथ सुम्पेपछि छोरी र ज्वाइँलाई नगद, वस्तु, आभूषण र छोरीलाई अर्काको घरमा बस्नलाई सहज होस् भन्ने पवित्र तर्कका आधारमा सुरू भएको दाइजो प्रथा आज विकराल होडबाजीको स्वरूप ग्रहण गरिसकेको छ । यस्तो अवस्थामा दाइजो लिनुदिनु अपराधमात्र नभएर पारिवारिक विग्रह र विखण्डन, शारीरिक तथा मानसिक यातना, बालविवाह, बहुविवाह, अनमेल र जबरजस्ती विवाह, स्त्री भ्रूण हत्या, हत्या, आत्महत्या तथा यौनजन्य हिंसा, महिलाको शिक्षा, स्वास्थ्य तथा आत्मबलमा कमी आउनुको मुख्य कारक तत्त्व पनि हो ।

### दाइजोको प्रचलन कसरी भयो ?

पूर्वमध्यकालमा तिरहुतका राजा हरिसिंह देवको शासनकालमा विद्वानबीच शास्त्रार्थ हुन्थ्यो । यसमा विजयी विद्वानलाई पुरस्कृत गरिन्थ्यो । सन् १३२४ मा राजा हरिसिंह देवले अविवाहित मैथिल ब्राह्मण युवकबीच शास्त्रार्थ गराएका थिए । लामो समयसम्म तर्कवितर्क चलिरह्यो र त्यसमा वेद, वेदान्त, योग र न्यायजस्ता विषय उठेका थिए । राजा हरिसिंह देवले ब्राह्मण युवकको विद्वता देखेर प्रभावित भए र अनौठो तरिकाले ती युवकलाई पुरस्कृत गरेका थिए । यद्यपि शास्त्रार्थमा भाग लिने युवक अविवाहित भएकाले पुरस्कारस्वरूप उनीहरूलाई एकएक सुन्दर बेहुली विवाह गर्ने मौका प्रदान गरेका थिए । त्यसपछि यसको आयोजना प्रत्येक वर्ष हुन थाल्यो । पहिले मैथिल ब्राह्मण युवकको सभा हुने गर्दथ्यो । यसमा उनीहरूबीच शास्त्रार्थ हुन्थ्यो र बेहुलीपक्ष आफ्नी छोरीका लागि योग्य बेहुलाको खोजी गर्न त्यहाँ भेला हुन्थे । यसले मैथिली समाजमा बसालिदिएको शिक्षाका आधारमा वर चुन्ने परम्परा पछि विकृत बन्यो ।

छोरीको विवाहका लागि एउटै केटामाथि धेरैले दाबी गर्न थालेपछि लेनदेनरूपी दहेजले मिथिलामा प्रवेश पाएको भनिन्छ । मधेसी समाजमा छोरीलाई 'पराया धन' भन्ने प्रचलन अहिले पनि पाइन्छ । यो मान्यताका कारण छोरीलाई धेरै पढाउनेभन्दा छिट्टै विवाह गरिदिनु यहाँ उचित ठानिन्छ । छोरी दिन्छु, तर दाइजो दिन्नँ भन्ने अभिभावक विरलै भेटिन्छन् । दाइजो होइन, गुणी बुहारी चाहिन्छ भन्ने अभिभावक पनि दुर्लभ छन् ।

### कानुनमा के छ ?

पहिला-पहिला छोरीलाई पैतृक सम्पत्तिमा कानुनी अधिकार नभएको कारण छोरीको विवाहपछि पतिको घर पठाउँदा छोरीका आमाबुबाले आफ्नो आर्थिक हैसियतअनुसार स्वेच्छाले दाइजोस्वरूप चल सम्पत्ति दानस्वरूप दिने गर्दथे । तर, अहिले मुलुकी देवानी संहिता, २०७४ को दफा २०५ ले सगोलको सम्पत्तिमा पति, पत्नी, बाबु, आमा, छोरा, छोरीलाई समान अंशियार मानेको छ । नेपालको संविधानको धारा ३८ (१) ले प्रत्येक महिलालाई लैंगिक भेद्भावविना समान वंशीय हक हुनेछ भन्ने कुराको प्रत्याभूति गरिएको छ ।

मुलुकी अपराध संहिता, २०७४ को दफा १७४ ले आफ्नो परम्परादेखि चलिआएको सामान्य उपहार, भेटी, दक्षिणा वा शरीरमा लगाएको एकसरो गहनाबाहेक विवाह गर्ने दुलहा वा दुलहीका तर्फबाट कुनै किसिमको चल, अचल, दाइजो वा कुनै सम्पत्ति माग गरी वा लेनदेन सर्त राखी विवाह गर्न वा गराउन नहुने भनेको छ । दाइजो वा कुनै सम्पत्ति माग गरी वा लेनदेन सर्त राखी विवाह गरेमा त्यस्तो व्यक्तिलाई तीन वर्षसम्म कैद वा ३० हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था गरिएको छ ।

चल, अचल सम्पत्ति वा दाइजो माग गर्न वा त्यस्तो चल, अचल सम्पत्ति वा दाइजो नदिएको कारणले दुलही वा निजका नातेदारलाई कुनै किसिमले हैरान पार्न, सताउन वा कुनै अमानवीय वा अपमानजन्य व्यवहार गर्न नहुनेसमेत भनेको छ । यस्तो कसूर गर्ने व्यक्तिलाई पाँच वर्षसम्म कैद वा ५० हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने तथा कुनै सम्पत्ति लिएकोमा त्यस्तो सम्पत्ति सम्बन्धित व्यक्तिलाई फिर्ता दिनुपर्ने मुलुकी अपराध संहिताले व्यवस्था गरेको छ ।

मुलुकी अपराध संहिता, २०७४ ले विवाह गर्ने दुलहा वा दुलहीका तर्फबाट कुनै किसिमको चल, अचल, दाइजो वा कुनै सम्पत्ति माग गरी वा लेनदेन सर्त राखी विवाह गर्न वा गराउन नहुने व्यवस्था गरेको छ । तर, कानुनको प्रभावकारी कार्यान्वयन नहुनु हाम्रो जस्तो लिखित संविधान भएको मुलुकको लागि विडम्बनाको विषय हो । विधायिकाले कुनै कानुन बनाउँछ भने कार्यपालिकाले त्यसलाई अक्षरशः लागू गर्नुपर्छ । सर्वोच्च अदालतबाट पनि विभिन्न समयमा विभिन्न मुद्दाहरूमा निर्णय भएको छ ।

विवाह सम्पन्न गर्ने शिक्षित बरबधुले पनि कुपरम्पराबाट ग्रसित आमाबुबालगायत अभिभावकको कारण खर्चिलो तिलक र दाइजोका साथै भड्किलो रूपमा विवाह सम्पन्न गर्ने गरेको देखिन्छ । तसर्थ, यसको नियन्त्रण हेतु दाइजोसम्बन्धी विशेष ऐनको खाँचो देखिन्छ । कानुन लागू गर्न नसक्नु भनेको सार्वभौम राष्ट्रको कानुन बनाउने काममा सार्वभौम संसद्को आदेश पालना नगर्नु हो । तसर्थ विशेष कानुन बनाएर बाध्यात्मक र अनिवार्य रूपमा कार्यान्वयन गर्नुपर्छ ।

दाइजोविरूद्धको अभियानलाई थप सशक्त र प्रभावकारी बनाउन नीतिगत र संस्थागत सुदृढीकरण, सरोकारवाला पक्षहरूबीच समन्वय, साझेदारी र सहकार्य प्रवर्द्धन हुनु आवश्यक छ । दाइजो नियन्त्रणका लागि कानुन र राज्यमात्रको एकल प्रयासले सम्भव नहुने हुँदा निजी क्षेत्र, गैरसरकारी क्षेत्र, नागरिक समाज, पत्रकार जगत र सर्वसाधारण नागरिकको सक्रिय भूमिका र सहकार्य अपरिहार्य रहेको हुँदा एक अर्कामा सामाञ्जस्यता र सहकार्य गरेर अगाडि बढ्नुपर्दछ । मधेस प्रदेशका जिल्लाहरूमा विकराल समस्याको रूपमा रहेको दाइजो प्रथा हटाउन स्थानीय तहका जनप्रतिनिधिहरू विशेषरूपमा अग्रसर हुनुपर्दछ ।

*(लेखक त्रिभुवन विश्वविद्यालय कानुन, संकायमा विधावारिधि तहका शोधार्थी हुन्)*

## पत्र-मञ्जुषा

# गगनले बुझून्- बोल्दैमा देश चल्दैन, पार्टी बन्दैन

गुण्डागर्दी पृष्ठभूमिका व्यक्तिहरू राजनीतिमा आए भने के हुन्छ ? यसको उदाहरण नेपाली कांग्रेसको केन्द्रीय समितिको बैठकमा छर्लंग देखियो । दशौं वर्ष जेल बसेर राजनीतिमा आएका नेताहरूको विचारधारा नै सखाप पारिदिँदो रहेछ भन्ने स्पष्ट भयो । सिद्धान्त, विचार बोकेर राजनीतिमा प्रवेश गरेकाहरूमाथि कांग्रेसका महामन्त्री गगन थापा भारी भएका छन् । कांग्रेसमा राम्रा नेता पनि छन् । जसले राजनीतिमा लागेर आफ्नो घरखेत सकाए, राजनीति गर्दागर्दै जेल गए उनीहरू थिचोमिचोमा परेका छन् ।

उनीहरूले आजसम्म कुनै मौका पाएका छन् । जनता र राष्ट्रका लागि काम गर्ने हुटहुटी भएकाहरू थापाको अगाडि दबिएका छन् । तर, हिजोको दिनमा चन्दा उठाउने, व्यापारी थर्काउने थापाले मौका पाएको पायै छन् । राणा शासनको विरोध गर्ने, राजनीति परिवर्तन गर्न आवाज उठाउने र सो क्रममा जेल जाने कांग्रेसका नेताहरू ओझेलमा अहिले परेका छन् । राजनीति परिवर्तनमा कुनै योगदान नभएका थापा अहिले पार्टी कब्जा गर्न लागिपरेका छन् । आमजनतालाई सडकमा उतारेर आन्दोलनमा होमिनेहरू त मर्कामा परेका छन् ।

न २०४६ सालमा भएको आन्दोलनमा उनको योगदान छ न २०६२-६३ को आन्दोलनमा । थापा अहिले पार्टी सभापति शेरबहादुर देउवालाई पाखा लगाएर कांग्रेस आफ्नो हातमा लिन जोडबल गरिरहेका छन् । यस्तो हुँदासमेत कांग्रेसका पुराना नेताहरू मौन छ । आफूहरूको पत्तासाफ हुन लागेको देख्दादेख्दा पनि उनीहरू चुप लागेर बसेका छन् । जनताका लागि आवाज उठाएका, बलिदान दिएका नेताहरू आफ्नो हकका लागिसमेत बोल्न सकिरहेका छैनन् ।

उनीहरू थापाको अगाडि निरीह नै बनेका हुन् त ? चन्दा उठाउनेले पार्टी सखाप पार्न लागिसक्यो, ठूलठूला नेताहरू रमितामात्र हेरेर बस्छन् । यतिबेला कांग्रेसका कार्यकर्ता र आमनागरिकहरू थापाको कार्यशैलीप्रति असन्तुष्ट छन् । महामन्त्रीको भूमिकामा रहेका उनको भाषण र वक्तव्यबाजी कति पनि पार्टीको हितमा नभएको सबैको निष्कर्ष छ ।

पार्टी सभापति देउवालाई गलत देखाउनमै उनी लागिरेको प्रस्ट देखिन्छ । उनले प्रधानमन्त्रीमा आफ्नो आवश्यकता भएको बताउँदै आएका छन् । बूढा नेताहरूलाई थन्काउनुपर्छ भनिरहेका छन् । यो व्यवस्था ल्याएको कसले ? हिजो यो व्यवस्था ल्याउने बेलामा ती बूढा नेता पनि युवक नै थिए । युवा हुञ्जेलचाँहि देश र जनताका लागि भूमिगत जानु, अनि बुढेसकालमाचाँहि घरमा गएर थन्किनु ?

पुराना नेताहरूले चप्पल नलगाएर, रातदिन घरघर पुगेर खडा गरेको संगठन हो, कांग्रेस । त्यतिबेलाको अवस्थामा पार्टी खडा गर्न निकै चुनौतीपूर्ण थियो । कतिले सो क्रममा ज्यान गुमाए । कतिले आफ्नो घरव्यवहार बिगारे । कति आज पनि विवाह नै नगरिकन बसेका छन् । कति वर्षौं जेल बसे । अनि केही नभोगेको व्यक्तिले पुराना नेतामाथि हिलो छ्याप्ने ? यो नैतिकता हो ?

देशमा जनआन्दोलन हुने बेलामा थापा पनि युवक भइसकेका थिए । उनी पनि त्यतिबेला अरुसंगै जनयुद्धमा लाग्नुपर्थ्यो । राजनीतिक परिवर्तनका क्रममा धेरैले आफ्नो परिवार गुमाए । थापाले त कोही पनि गुमाउनुपरेन । आफ्नो पीडा बिर्सिएर देश बनाउन हिँडेकामाथि अहिले आएर हिलो छ्याप्ने काम गलत हो । २०७९ मंसिर ४ गतेको चुनावमा सभापति देउवाले पाँच दलसँग गठबन्धन नगरेको भए कांग्रेस सखाप हुन्थ्यो । कांग्रेसलाई १० सिट ल्याउन पनि हम्मेहम्मे थियो । पहिलो पार्टी एमाले नै बन्थ्यो । उनले गठबन्धन गरेर ८९ सिट ल्याए र कांग्रेसलाई पहिलो पार्टी बनाए ।

सभापति देउवाले बेलैमा दिमाग लगाउँदामात्रै थापाको जित सम्भव भएको हो । गठबन्धनमा नगएको भए थापाले चुनाव नै लड्दैनथे । लडे पनि जनताले पत्याउँदैनथे । पाँच दलको कार्यकर्ताले भोट दिएर उनले चुनाव जितेका हुन् । पटकपटक सांसद बनिसकेका उनले के काम गरेका छन् ? जनताले त उनको काम हेरेका छन् ।

यस्तै प्रवृत्ति लिएर अगाडि बढे २०८४ सालको चुनावमा थापाको इतिहास सकिन्छ । अर्को महाधिवेशनमा सभापति देउवालाई छिचोलेर संसदीय दलको नेता बन्ने तयारीमा छन्, उनी । तर, त्यो सम्भावना देखिँदैन ।

सर्वसाधारणले कांग्रेस सकियो भन्न थालिसकेका थिए । तर, देउवाले त तीन महिनाभित्रै आफ्नो पार्टीलाई ठाउँमा ल्याए । थापाले एउटा कुरा के बुझ्नुपर्छ भने बोल्नेभन्दा गर्ने ठूलो हुन्छन् । उनले फैलाएको गन्ध त देउवाले जसरी हुन्छ समेटे । थापाले देउवासँग सिक्नुपर्ने धेरै कुरा छन् । बोल्दैमा देश चल्दैन, पार्टी अगाडि बढ्दैन भनेर बुझ्दा हुन्छ ।

– *रमेश खत्री, ललितपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

**द्रष्टव्य** : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नुहुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.

# सदरमुकामबाहेकका ठाउँमा छैन आयोडिन नुन

**जाजरकोट–** कर्णालीमा अनुदानको आयोडिनयुक्त नुन ढुवानी गर्दै आएको साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड प्रदेश कार्यालय नेपालगञ्जले नयाँ ठेक्कामार्फत पहल थालेको छ । अहिले सदरमुकामस्थित डिपोमा मात्र आयोडिन नुन रहेको अवस्था छ ।

सदरमुकामदेखि बाहिरका डिपोमा आयोडिनयुक्त नुन नहुँदा सर्वसाधारण नुनकै लागि सदरमुकाम पुग्ने गरेका छन् । सदरमुकामस्थित डिपोमा साल्ट ट्रेडिङका कर्मचारीले नुन वितरण गरिरहेका छन् । गाउँका डिपो तथा बिक्री केन्द्रमा ठेकेदारले आफैं ढुवानी तथा बिक्री गर्दै आएका छन् । जाजरकोटका दल्ली र थलह डिपोमा नुन छ । अन्य डिपोमा नुन सकिएको छ । जुनिचाँदेको ताँगामा भने अहिले नुन नरहेको बताइएको छ । डोल्पाको सदरमुकाम दुनैबाहेक अन्य ठाउँमा अहिले आयोडिनयुक्त नुन छैन ।

जुफाल, काइगाउँ, सर्मी र लिकुमा आयोडिनयुक्त नुन नरहेको प्रदेश कार्यालय नेपालगञ्जले जनाएको छ । उपल्लो डोल्पाको तिञ्जे बिक्री केन्द्रमा कोभिडपछि नुन नै ढुवानी हुन सकेको छैन । यहाँ केन्द्रीय कार्यालय आफैंले तिब्बतमार्फत नुन ढुवानी गर्दछ । एक हजार ७२५ क्विन्टल नुनको कोटा निर्धारण गरिएको छ ।

रुकुम-पश्चिमका चौरजहारी र मुसिकोटमा दुई डिपो छन् । मुसिकोटमा मात्र नुन छ भने चौरजहारी नुन नरहेको बताइएको छ । जुम्लामा दुई डिपो र एक बिक्री केन्द्र रहेका छन् । त्यहाँ पनि सदरमुकामबाहेक अन्य ठाउँमा नुन छैन । कालीकोट सदरमुकाममा डिपो छ भने अर्को रासकोटमा बिक्री केन्द्र छ । अहिले रासकोटमा नुन नरहेको अवस्था छ ।

हुम्लाको सदरमुकाम सिमकोटबाहेक बाहिरका डिपो तथा बिक्री केन्द्रमा नुन नरहेको सो कार्यालयले जनाएको छ । सर्केगाड, श्रीनगर, याल्वाङ्गमा बिक्री केन्द्रमा नुन नरहेको पाइएको छ । यहाँ हवाइमार्गमार्फत नुन ढुवानी हुने गरेको छ । मुगुको सदरमुकाममा डिपोबाहेक अन्य दुई ठाउँमा बिक्री केन्द्रमार्फत नुन वितरण हुँदै आएको छ । अहिले सदरमुकामबाहेक अन्य बिक्री केन्द्रमा नुन छैन । श्रीकोट र सोरुकोटमा नुन सकिएको लामो समय भयो ।

### कुन ठाउँमा कति कोटा

रुकुम-पश्चिमको सदरमुकाममा तीन हजार ७१८ क्विन्टल कोटा निर्धारण गरिएको छ भने चौरजहारी बिक्री केन्द्रमा ८८५ क्विन्टल निर्धारण गरिएको छ । जाजरकोटको सदरमुकाममा एक हजार ५०५, दल्लीमा एक हजार ६२, थलहमा एक हजार ६२ र ताँगामा २६५.५० क्विन्टल नुनको कोटा निर्धारण गरिएको छ । डोल्पा सदरमुकाममा ५३१, जुफालमा ३५४, सर्मीमा १७७, काइगाउँमा १७७ र लिकुमा १७७ क्विन्टल कोटा निर्धारण गरिएको छ ।

तिञ्जेमा एक हजार ७२५.७० क्विन्टल नुनको कोटा निर्धारण गरिएको छ । यो कोटा अपर्याप्त रहेको जनगुनासोसमेत आएको छ । मुगुको सदरमुकाममा एक हजार २३९, श्रीकोटमा ८८५, सोरुकोटमा ८८५ क्विन्टल नुनको कोठा निर्धारण गरिएको छ ।

कालीकोट सदरमुकाममा तीन हजार ५४०, रास्कोटमा एक हजार १५०.५०, जुम्लाको सदरमुकाममा तीन हजार ९८, नराकोटमा ७९६.५० र गोरुचौरमा ८८५ क्विन्टल कोटा निर्धारण गरिएको छ । हुम्लाको याल्वाङ्ग बिक्री केन्द्रमा चार सय ४२.५०, श्रीनगरमा ८८५ र सर्केगाडमा ८८५ क्विन्टल नुनको कोटा निर्धारण गरिएको छ । यहाँ नुन हवाइमार्गबाट नै ढुवानी हुँदै आएको प्रदेश कार्यालयका प्रमुख महेश चौधरीले बताए । नयाँ बोलपत्र भइसकेकाले ढुवानी प्रक्रिया सुरु हुने उनले बताए ।

कर्णालीमा २५ हजार क्विन्टल वार्षिक कोटा भएमा मात्र सबैलाई पुग्ने कार्यालय प्रमुख चौधरीले बताए । भारतबाट नुन आउने भएकाले कर्णालीको नुन नेपालगञ्जबाट ढुवानी हुने गरेको उनले बताए । सदरमुकाममा रहेका डिपोबाहेक अन्य ठाउँमा रहेका बिक्री केन्द्रमा ठेकेदार आफैंले ढुवानी गरेर आफैंले नुन बिक्री गर्दै आएका छन् । ठेकेदारले समयमै नुन ढुवानी नगर्दा कर्णालीका सर्वसाधारण हैरान हुँदै आएका छन् । आयोडिनयुक्त नुनको माग बढ्दै गए पनि सरकारले कोटा घटाउदै जाँदा समस्या हुने गरेको छ । बर्सेनि नुनको कोटा घटाउँदा दुर्गममा नागरिकलाई समस्या भएको जाजरकोटको जुनिचाँदे गाउँपालिका-५ का कालीबहादुर खड्काले बताए ।

# खानेपानीका लागि 'एक घर, एक फिल्टर'

**गोरखा (प्रस)–** गोरखाको भीमसेन थापा गाउँपालिकाको दुईवटा वडावासीलाई स्वच्छ खानेपानीका लागि फिल्टर वितरण गरिएको छ ।

वडा नं ७ र ८ स्थित पिपलटारका ९३ घरपरिवारलाई स्वच्छ खानेपानी उपलब्ध गराउन फिल्टर वितरण गरिएको वडा नं ७ का वडाध्यक्ष विष्णुकुमार श्रेष्ठले जानकारी दिए ।

'मूलबाट ल्याइएको पानी त्यत्तिकै पिउनुभन्दा फिल्टर गरेर पिउँदा बढी फाइदा हुन्छ,' उनले भने, 'त्यसका लागि आवश्यक पहल गरी वाइन टु वाटर नेपालको आर्थिक सहयोगमा स्थानीयवासीलाई निःशुल्क फिल्टर वितरण गरिएको हो ।'

फिल्टर वितरण भएसँगै पिपलटार क्षेत्रका प्रत्येक घरधुरी, विद्यालय र वडा कार्यालयलगायत विभिन्न संघसंस्थामा सुरक्षित खानेपानीको सुनिश्चितता भएको स्थानीय मिलनसार युवा क्लबका अध्यक्ष नवीन श्रेष्ठले बताए । पिपलटार क्षेत्रमा 'एक घर, एक धारा' कार्यक्रम कार्यान्वयनमा आएपछि खानेपानीका लागि पिपलटारमा 'एक घर, एक फिल्टर' कार्यक्रम लागू गरी प्रत्येक घरलाई फिल्टर निःशुल्क वितरण गरिएको उनको भनाइ थियो । वडा कार्यालय र क्लबको पहलमा निःशुल्क फिल्टर पाएपछि स्थानीवासी खसी भएका छन् ।


**निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

(सूचना प्रकाशित मिति २०८०/०४/०५ गते)

गौरी नारायण सिहँको छोरा महोतरी जिल्ला, भँगहा गा.पा वडा नं. ०१ हाल महोतरी जिल्ला, भँगहा न.पा. वडा नं. ०३, बस्ने सुनिल कुमार सिहँ (ना.प्र.नं.१२७२४३०८, जारी मिति २०४४-११-२७, जिल्ला प्रशासन कार्यालय महोतरी)को मिति २०७९/११/३० मा मृत्यु भएकोले निजको नाममा यस बैंकको भँगहा शाखामा रहेको बचत खाता नं. ०७८००३५९६६००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको श्रीमतीले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजात सहित यस बैंकको शाखा कार्यालय भँगहामा हकदावी गर्न आउनुहोला । म्याद भित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय भँगहा, महोतरी फोन नं. ९८५४०३५२३९



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : KYS CONSTRUCTION SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०३/२९ | LT. No.289275 | चलानी नं. ६०२०४५५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construcion workers | 25 | 0 | 1500 | ४३,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १२/१३ गते (28/29th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने : निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ४७७/०६०/०६१

**Jupiter Overseas Concern Pvt. Ltd.**
Sinamangal-9, Kathmandu, Nepal. Tel : +977-1-4562605,4564178 Fax : +977-1-4462594
E-mail:info@jupiteremployment.com Web:www.jupiteremployment.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABDUL AZIZ A. ABU BUSHAIT & PARTNERS COMPANY

पूर्व स्वीकृति मिति २०८०/०४/०३ | LT. No 289626 | चलानी नं. ६०२०४८८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolding Erector | 18 | 0 | 1200 | ४२,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १२ देखि १४ गते (28-30th July. 2023) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Superb For Ultimate Manpower Solution Pvt.Ltd**
Maligaun, Naxal, (Brihaspati School) Kathmandu, Nepal
Tel : +977-1-4521448 E-mail : info@superbultimate.com
Webiste :www.superbultimate.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ERA FOUNDATION FOR OPERATION AND MAINTAINANCE, MECCA

पूर्व स्वीकृति मिति: २०७९/११/२८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/०४ | LT. No.282441 | चलानी नं. ६०१९७८९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Laundry And Ironing Worker | 1 | 0 | 1000 | ३५,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १२ गते (28th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३८४/०५९/०६०

**Pigeon International Overseas Pvt. Ltd**
Samakhushi-26 Gongabu, Town Planning Kathmandu, Nepal
Tel: +977-1-4358977, 4383277 E-mail: info@pigeoninternational.com.np
Website www.pigeoninternational.co.np



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी: NASARTIST GENERAL CONTRACTING SOLE PROPRIETORSHIP LLC

पूर्व स्वीकृति मिति २०८०/०४/०४ | LT. No.289602 | चलानी नं. ६०२०४९३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason | 5 | 0 | 1200 | ४२,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labors | 3 | 0 | 800 | २८,६२० | | | | | | | |
| 3 | Shuttering Carpenters | 5 | 0 | 1200 | ४२,९३० | | | | | | | |
| 4 | Steel Fixer | 2 | 0 | 1200 | ४२,९३० | | | | | | | |
| 5 | Tile Mason | 5 | 0 | 1200 | ४२,९३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १२ गते (28th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**OZONE OVERSEAS SERVICE PVT. LTD.**
Airport, Kathmandu, Nepal, Tel No. 01-4112794, 4112795
E-mail : contact@ozoneoverseas.com, www.ozoneoverseas.com
श्रम ईजाजत नं. ४४८/०६०/०६१



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CONCORDE HOTEL

पूर्व स्वीकृति मिति २०८०/०४/०४ | LT. No. 289690 | चलानी नं. ६०२०४९८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 3 | 0 | 1000 | ३६,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १२ गते (28th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

MINAWA RECRUITMENT HR PVT LTD
Govt.Lic. No- 1168/073/074

**MINAWA RECRUITMENT H.R. PVT LTD**
Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal
T: +977-01-4112754 | Mobile: 9843030000, E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AMER BIN AQEEL BIN ANZ AL- AIBANI AL-MUTAIRI POULTRY FARM

पूर्व स्वीकृति मिति २०८०/०४/०४ | LT No. 289642 | चलानी नं.६०२०४९२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 1 | 0 | 1800 | ६३,०९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Loading Unloading Labour | 1 | 0 | 1000 | ३५,०५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १२ गते (28th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 1518/074/075

**OM OVERSEAS EMPLOYMENT PVT.LTD**
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656, 9856028101, 981-6692574
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MAGIC CHOICE AMENITIES MANAGEMENT L.L.C.

पूर्व स्वीकृति मिति २०८०/०४/०४ | LT. No. 289448 | चलानी नं. ६०२०४९०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 15 | 800 | २८,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १२ गते (28th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mobhira Overseas Service Pvt. Ltd.**
P.O. Box : 15142, K.P.C. : 283, Basundhara, Kathmandu, Nepal
Tel: +977 1 4359905/ 4385829/ 4385832, Fax: +977-1- 4353733/ 4386111
Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com
Govt. License 083/053/054



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SYNERGY-PE-SDN BHD

पूर्व स्वीकृति मिति: २०८०/०४/०४ | LT. No. 289542 | चलानी नं.६०२०४९०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 0 | 1 | 1500 | ४३,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १२ गते (28th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MERIDIAN OVERSEAS PVT. LTD.**
श्रम ईजाजत नं. ६१३/०६२/०६३
Basundhara, Kathmandu, Nepal. Tel. : +977-1-4390463,4390464, 9851054041, 9765229376



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SIONG KEE POULTRY FARM SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०३/२९ | LT. No. 289337 | चलानी नं.६०२०४८८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Livestock Worker | 6 | 0 | 1500 | ४३,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १२ गते (28th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MEHANDI OVERSEAS PVT. LTD.**
श्रम ईजाजत नं. ११५७/०७३/०७४
Sinamangal–9, Airport, Kathmandu, Tel:- 01 4581856
Mobile : 9851134306, Email:mehendioverseas2074@gmail.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : PARADISE DYNASTY SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०४/०३ | LT. No. : 289519 | चलानी नं.: ६०२०४८९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Crew | 20 | 0 | 1500 | ४३,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १२ गते (28th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 128/055/56

**Kasturi International Service Pvt. Ltd.**
Baluwatar, Maharajgunj, Kathmandu, Nepal, Tel: +97714539647, +97714541458
E-mail:-kasturi128@hotmail.com. Web: www.kasturiint.com

# प्रभाव दैनिक





## 'ह्वाट द फ्लप' बन्द

कान्तिपुर टेलिभिजनले 'ह्वाट द फ्लप' कार्यक्रम बन्द गरेको छ। कलाकार समेत रहेका सन्दीप क्षेत्रीले सञ्चालन गरेको उक्त कार्यक्रम विवादमा तानिएपछि टेलिभिजनले यस्तो निर्णय लिएको हो। कलाकार पल शाहलाई आफ्नो शोमा बोलाएर उनले बलात्कारलाई मजाकको विषय बनाएको आरोप लागेको छ। गत असार २३ गते प्रशारित उक्त शोमा छनोट गरिएका पत्रसँगको संवाद संस्थाको सम्पादकीय नीतिविपरीत रहेको टेलिभिजनले जनाएको छ। सोहीअनुसार उक्त सामग्री युट्युबबाट हटाइएको भन्दै टेलिभिजनले महिलाको स्वाभिमान र समाजको चेतनालाई सम्मान गर्दै कार्यक्रमका उत्पादन र प्रशारण पूर्णत रोकिएको जानकारी गराएको छ।




शुक्रबार, ५ साउन २०८० (Friday, July 21, 2023)



# 'ट्रिब्युट टु रोबिन तामाङ' सांगीतिक कार्यक्रम हुने

■ प्रभाव संवाददाता

**काठमाडौं–** चर्चित रकगायक रविन तामाङको सम्झनामा 'ट्रिब्युट टु रोबिन तामाङ' नामक सांगीतिक कार्यक्रम आयोजना हुने भएको छ। काठमाडौँको ठमेलमा रहेको 'क्लब फरेनहाइट'ले शुक्रबार साँझ उक्त सांगीतिक कार्यक्रम गर्न लागेको हो।

कार्यक्रममा कबवे, अभय सुब्बा, अनुप्रस्त लगायत केही चर्चित ब्याण्डको सहभागीता रहनेछ। कार्यक्रममा सहभागी ब्याण्डले स्वर्गिय गायक तामाङको गीतहरू लाइभ प्रस्तुत गर्दै उनको सम्झना गर्छन्। तामाङका 'केटा केटी,' 'मेरो माया,' 'दम मारो दम,' 'कल्पना' लगायत कयौं गीत युवापुस्ता माझ चर्चित छन्। ती गीतहरूनै क्लबमा प्रस्तुत हुनेछ। गायक तामाङ भौतिक रूपमा हामी माझ नरहेपनि उनका सृजना हामी माझ सधैँ रहनेछ। उनै गायक तामाङको सम्झना गरौँ र श्रद्धाञ्जली पनि दियौ भनेर कार्यक्रम गर्न लागिएको 'क्लब फरेनहाइट' संचालक सोनम शर्पाले बताए।

गायक तामाङको गत असार १९ गते आफ्नै घरमा निधन भएको हो। नेपाली रक ब्याण्ड 'रविन एन्ड लुज (रविन एन्ड दि न्यू रेभोलुसन)'का संस्थापक तामाङ लगायतको




अलवा अभिनयमा पनि चिनिएका थिए।

'जय पशुराम,' 'बादशाह जुट,' 'चिसो एष्ट्रे,' मुखौटा,' 'छड्के,' 'नाका,' 'वान वे' लगायत दर्जन बढी फिल्ममा उनको अभिनय देख्न सकिन्छ। उनको पछिल्लो फिल्म 'छड्के २' केही अगाडि मात्र प्रदर्शनमा आएको थियो।

# सारुकको सम्झनामा दीप प्रज्वलन

**काठमाडौं (प्रस)–** स्वर्गीय अभिनेता सारुक ताम्राकारको सम्झनामा बौद्धनाथ स्तुपामा दीप प्रज्वलन गरिएको छ। बुधवार साँझ गरिएको दीप प्रज्वलनमा परिवारका सदस्य, कलाकार तथा सर्वसाधारणको दीप प्रज्वलन गर्दै उनको सम्झना गरे।

दीप प्रज्वलन सारुकका आमा-बुबाको अलवा मलिना जोशी, बेनिशा हमाल, सुष्मा कार्की, श्रद्धा क्षेत्री, सिसन बानियाँ, गायक नितेशजंग कुँवर, बैंकर अनिलकेशरी शाह, सम्पदा मल्ल, निर्देशक रेनशा वान्तवा राई, निर्माता प्रज्वलशम्सेर राणा, पूर्व मिस नेपाल अश्मी श्रेष्ठ लगायत थरूप्रैको उपस्थिति थियो। उक्त अवसरमा उपस्थित अधिकांशले सारुकको प्रतिभा, बानी ब्यहोरा लगायतको विषयमा चर्चा गरे। सारुक गत असार २१ गते घरमै झुन्डिएको अवस्थामा भेटिएका थिए। उनको आत्महत्याको विषय अहिले प्रहरीले अनुसन्धान गरिरहेको छ।

बिभिन्न सेलिब्रेटीले सामाजिक सञ्जालमार्फत सारुक आत्महत्याको गहिरो छानबिन हुनुपर्ने माग उठिरहेको छ। उनलाई आत्महत्या गर्न बाध्य पारिएको हुनसक्ने उनी निकट कलाकारको धारणा छ।

सारुकले निधन अघिसम्म अभिनय गरिरहेको फिल्म 'ह्यासट्याक माया' का निर्देशक, निर्माता र उनका बुबा कलाकार सानु ताम्राकारसँग पनि प्रहरीले यस विषयमा सोधपुछ गरिसकेको छ।

# स्व. बखतबहादुर चित्रकारको स्मृतिग्रन्थ लोकार्पण

■ प्रभाव संवाददाता

**काठमाडौं–** बहुआयामिक प्रतिभाका धनी स्व बखतबहादुर चित्रकारको स्मृति ग्रन्थ लोकार्पण गरिएको छ। स्व चित्रकारको दोस्रो वार्षिक पुण्यतिथिका अवसरमा चित्रकारको परिवारद्वारा प्रकाशन गरिएको 'बखतबहादुर शब्दचित्र स्मृति ग्रन्थ' बिहीबार विमोचन गरिएको हो।




राष्ट्रिय समाचार समिति (रासस)का आलेख समाचार प्रमुख कृष्ण अधिकारीको लेखनमा आएको उक्त स्मृति ग्रन्थमा लेखकले बखतबहादुरसँग गरेको कुराकानी, आलेख, उनका केही लेख र अन्तर्वार्ता, उनीबारे विभिन्न व्यक्तित्वले लेखेका लेख तथा तस्बिरहरू समावेश गरिएको छ।

राजधानीकै बासिन्दा भएर पनि आर्थिक अवस्था कमजोर भएका स्व बखतबहादुरले गरेका सङ्घर्षलाई पुस्तकमा समावेश गरिएको छ। काठमाडौंको सामान्य परिवारमा जन्मिएका स्व. चित्रकारले नेपालको शिक्षा क्षेत्रमा गरेको योगदान अतुलनीय रहेको साहित्यकार चेतनाथ कँडेल बताउँछन्। विसं १९८७ माघ १८ मा काठमाडौंको याट्खा टोलमा जन्मिएका स्व बखतबहादुरले नेपालमा दश जोड दुई शिक्षा प्रणालीको आरम्भ गरेका थिए।

चलचित्र संस्थानका जन्मदाता उनले थेरवादी केन्द्रीय दायक परिषद् (विसं २०४९) का अध्यक्ष, चित्रकार(पुँ) समाजका संस्थापक अध्यक्ष, नेपालमा व्यवस्थित ढङ्गबाट बुद्धजयन्ती मनाउने कामको थालनी, विजयादशमीका दिन 'शस्त्रास्त्र परित्याग दिवस'को सुरुआतकर्ता, इन्द्राणयी मन्दिर, काठमाडौंमा 'अशोक स्मृति चैत्य' स्थापनाकर्ता, थेरवादी बुद्ध विहार, लुम्बिनीमा पाली, नेपाली र अङ्ग्रेजीमा 'धम्मपद' उत्कीर्णकर्तालगायतका सामाजिक काम गरेका थिए। स्व. चित्रकारसँग निकट रहेका प्राडा भीमदेव भट्ट बखतबहादुर लगनशील, अध्ययनशील व्यक्ति भएको बताउँछन्। 'बखतबहादुर सबैको आदरणीय व्यक्तित्व हुनुहुन्थ्यो, उहाँको योगदानलाई नयाँ पुस्तासम्म लैजानुपर्छ,' उनी भन्छन्।

देवीदेवताका चित्र कोर्ने तथा रङरोगन गर्ने परिवारमा जन्मिएका बखतबहादुरले राणाशासन, पञ्चायतकाल र बहुदलीय गणतान्त्रिक सबै व्यवस्था भोगे भने राजनीति, अध्यात्म, शिक्षा, सञ्चार, चलचित्र, फोटोग्राफी, सिनेमेटोग्राफीजस्ता एकापसमा सम्बद्ध-असम्बद्ध विषयमा संलग्न भए।

चलचित्र निर्माणमा फोटोग्राफी र क्यामेराको कामको निरीक्षण वा निर्देशन तथा क्यामेरा सञ्चालनसम्बन्धी अध्ययन गरेका बखतबहादुर नेपालको पहिलो सिनेमेटोग्राफरसमेत हुन्। वरिष्ठ फोटोग्राफर राजभाइ सुवाल बखतबहादुरले नेपालको फोटोग्राफी क्षेत्रमा क्रान्ति नै ल्याइदिएको बताउँछन्। 'मैले बखतबहादुरको पुस्तक पढेर फोटोग्राफीका बारेमा धेरै सिक्ने र बुझ्नै मौका पाएँ,' उनी भन्छन्।

नेपाल सरकारको ३५ वर्ष लामो निजामती सेवा गरी सहसचिवबाट अवकाशप्राप्त उनका 'फोटोग्राफी' (२०४३) र 'नयाँ नेपालको समावेशी धर्म' (२०६४) पुस्तकका साथै 'शिक्षक' र 'गाउँ विकासमा प्रौढ शिक्षा' शीर्षकका वृत्तचित्र पनि प्रकाशनमा रहेका छन्। थेरवाद बौद्ध दायक केन्द्रीय परिषद्का उपाध्यक्ष एवं मध्यपुरथिमि नगरपालिका-७ का वडाध्यक्ष कृष्णकुमार प्रजापति बौद्ध धर्मको प्रचार-प्रसारमा स्व बखतबहादुरको ठूलो योगदान रहेको बताउँछन्।

साहित्यकार एवं समाजसेवी भारती सिलवाल गिरी स्व बखतबहादुरको स्मृति ग्रन्थ नयाँ पुस्ताका लागि मार्गदर्शन बन्ने बताउँछन्। 'बखतबहादुरले गरेका योगदानलाई नयाँ पुस्ताका लागि प्रेरणाको स्रोत बन्न सक्छ,' उनी भन्छन्।

स्व. बखतबहादुरका छोरा रवि, शशि र छोरी भावनाले नौ दशक लामो जीवनमा बुबाले पाएको ज्ञान, सीप, सिकाइ र अनुभवलाई नयाँ पुस्तासम्म लैजाने योजनाका साथ पुस्तक प्रकाशनमा ल्याइएको बताए। तीन सय ७२ पृष्ठ लामो उक्त पुस्तकमा विभिन्न राजनीतिक दलका नेता र उनी निकट रहेका विभिन्न व्यक्तिले स्व. बखतबहादुरका बारेमा आफ्नो अनुभवबारे लेखेका छन्।

## रंगशाला

यू-१६ युथ फुटबल लिग

# चर्च ब्वाइजमाथि संकटाको जित



■ प्रभाव संवाददाता

**काठमाडौँ–** संकटा क्लबले जारी एन्फा यु-१६ युथ फुटबल लिगमा चर्च ब्वाइज क्लबमाथि ४-१ को फराकिलो जित निकालेको छ।

अखिल नेपाल फुटबल संघ(एन्फा) को आयोजनामा जारी युथ लिगमा बिहीबार संकटाले चर्च ब्वाइजमाथि फराकिलो जित निकालेको हो।

जारी लिगमा संकटाको दोस्रो खेलमा पहिलो जित हो। पहिलो खेलमा भने संकटा एपिएफसँग २-१ ले स्तब्ध भएको थियो। चर्च ब्वाइजले भने लगातार दोस्रो हार बेहोरेको छ। यसअघि पहिलो खेलमा चर्च ब्वाइज फ्रेण्ड्स क्लबसँग २-० ले पराजित भएको थियो।

सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा जारी लिगमा संकटाका लागि सबिनकुमार लुंगेली मगरले दुई गोल तथा रूपेश भुजेल र कृष्णबहादुर आलेले समान एक गोल गरे।

चर्च ब्वाइजका कुनाल जिम्बाले एक गोल फर्काए। खेलको १६ औं मिनेटमा संकटाका दिलेन लिम्बूले डिएरियाभित्र प्राप्त अवसरलाई सदुपयोग गर्न सकेनन्। उनको फितलो प्रहार चर्च ब्वाइजका रोहन परियारले सहजै बचाउ गरे। तर, २४औं मिनेटमा सविनले गोल गर्दै संकटालाई अग्रता दिलाए। मनिष थापामगरले दिएको लामो पास नियन्त्रणमा लिँदै सविनले गोल गरेका हुन्। त्यसको चार मिनेटपछि नै संकटाले अर्को गोल गर्‍यो। किशोरकुमार दनुवारको कर्नर पासमा सविनले हेडमार्फत दोस्रो गोल गरे।

पहिलो हाफको थप समयमा दिलेनको अर्को प्रहार चर्च ब्वाइजका गोलकिपर रोहनले मुस्किलले बचाउँदा संकटाले फराकिलो अग्रता लिने अवसर गुमायो। दोस्रो हाफमा पनि संकटाले दुई गोल थप्दा चर्च ब्वाइजले एक गोल फर्कायो। ५३औं मिनेटमा कुनाल जिम्बाले लामो पास नियन्त्रणमा लिँदै काउन्टर अट्याकमार्फत गोल गरे। त्यो गोलसँगै चर्च ब्वाइज खेलमा फर्कने संकेत गर्‍यो। यद्यपि, ८० औं मिनेटमा संकटाले तेस्रो गोल गर्‍यो। चर्च ब्वाइजका डिफेन्डर युर्गेन रुम्बाले ब्याक पास नियन्त्रणमा लिन नसक्दा उक्त बल खोस्दै संकटाका रूपेश भुजेलले गोल गरेका हुन्।

८५औं मिनेटमा संकटा अर्को गोल थप्दै फराकिलो जिततर्फ अग्रसर भयो। डिएरियामा चर्च ब्वाइजका खेलाडीले लडाएपछि संकटाले पेनाल्टी अवसर पायो। उक्त पेनाल्टीमा कृष्णबहादुर आलेले गोल गर्दै संकटालाई फराकिलो जित दिलाए।

कुल १० टोली सहभागी युथ लिगमा दोस्रो चरणको खेल सुरु भएको छ। आगामी ६ महिनासम्म चल्ने लिगमा मनाङ र पुलिससहित एफसी खुमलटार, संकटा, आर्मी, एपिएफ, फ्रेन्ड्स, चर्च ब्वाइज, न्युरोड टिम र मच्छिन्द्र एफसीले प्रतिष्पर्धा गर्दैछन्। लिगका खेलहरू एन्फा कम्प्लेक्स, च्यासल स्टेडियम र नेपाल आर्मीको खेल मैदान सल्लाघारीमा हुनेछन्। उक्त खेलहरू शनिबार र सार्वजनिक बिदामा मात्र सञ्चालन हुनेछन्।

# फिफा वरीयतामा नेपाली पुरुष फुटबल टोली यथावत्

■ प्रभाव संवाददाता

**काठमाडौं–** फिफा वरीयतामा नेपाली राष्ट्रिय पुरुष फुटबल टोली यथावत् रहेको छ। विश्व फुटबलको सर्वोच्च निकाय इन्टरनेशनल फेडेरेशन अफ एसोसिएसन फुटबल (फिफा) ले बिहीबार सार्वजनिक गरेको नयाँ विश्व वरीयतामा नेपाल १७५औं स्थानमा छ।

नयाँ वरीयताअनुसार दक्षिण एसियाली राष्ट्रमा भने नेपाल तेस्रो स्थानमा छ। नेपालभन्दा अघि रहेको भारत ९९औं स्थानमा छ भने माल्दिभ्स १५५औं स्थानमा छ। नेपालपछि भुटान १८५औं, बङ्गलादेश १८९औं, पाकिस्तान २०१औं र श्रीलंका २०४औं स्थानमा छ।



विश्व वरीयताको शीर्ष स्थानमा अर्जेन्टिना छ भने दोस्रो स्थानमा फ्रान्स छ। यसैगरी ब्राजिल तेस्रो स्थानमा रहँदा इङ्गल्यान्ड चौथो तथा बेल्जियम पाँचौं स्थानमा छन्। क्रोएसिया छैटौं, नेदरल्यान्ड्स सातौं, इटाली आठौं, पोर्चुगल नवौं र स्पेन दशौं स्थानमा छन्।

# त्रियोग चेस प्रतियोगिता सुरु

■ प्रभाव संवाददाता

**काठमाडौं–** तेस्रो त्रियोग अन्तरविद्यालय चेस प्रतियोगिता विहिबार सुरु भएको छ। प्रतियोगितामा ३५ विद्यालयका करिब २ सय खेलाडीको सहभागिता रहेको छ। प्रतियोगितामा ८ स्पर्धा समावेश गरिएको छ।

प्रतियोगिताको प्रमुख अतिथी नेपाल बुद्धीचाल संघका अध्यक्ष विदुर गौतमले उद्घाटन गरे। सो कार्यक्रममा आयोजक विद्यालयका बोर्ड अफ डाइरेक्टर अजित लामा तथा उप प्रधानाध्यापक सबिता कपरुवानको पनि उपस्थिती थियो।

दुई दिने प्रतियोगिताको पहिलो दिन सञ्चालित खेलमा छात्र




८ दखि १० कक्षाको समूहमा अल्पाइन एकेडेमीका प्रशान्त तामाङ, नितेन मेमोरियलका दिपक गोले, फ्लोरसुरेन्ट मावीका जेसिक मैनाली तथा अरुणिमाका सजल न्यौपाने शीर्ष स्थानमा छन्।

छात्रातर्फ न्यू जेनिथकी तृषा शाही, नितेन मेमोरियलकी निरता परियार र पुष्पसदनकी सिवानी रिजाल शीर्ष स्थानमा छन्। छात्र ६ देखि ७ कक्षा समुहमा पाठसालका ओस्कार पन्थी, पुष्पसदनका असिम मर्हजन, साइ निल्यम बोर्डिङ स्कुलका अजित पौडेल र आयोजक त्रियोगका सम्यम पाण्डे शीर्ष स्थानमा छन्। छात्रातर्फ आयोजककी नोयल थापा र ग्रिन हिलकी एन्जल मर्हजन शीर्ष स्थानमा छन्।

छात्रको ४ र ५ कक्षाको समूहमा आयोजकका आभाष रिमाल र लक्ष मोरको साथमा अन्नपूर्णका अविरल तामाङ र पुसपदिनका हार्दिक पन्त शीर्ष स्थानमा छन्। छात्रातर्फ न्यु समिटकी नेहना श्रेष्ठ र नितेन मेमोरियलकी ज्ञानी श्रेष्ठ शीर्ष स्थानमा छन्। १ कक्षा देखि ३ कक्षा छात्र समूहमा माछापुच्छे स्कुलका सशस श्रेष्ठ र त्रियोगका प्रसुन मल्ल शीर्ष स्थानमा छन्।

# चिनियाँ अर्थतन्त्र ओरालो लागेको संकेत

**झेङझाउ–** बिग्रँदै गएको आर्थिक असन्तुलनसँगै चीनको अर्थतन्त्र निरन्तर ओरोलो लागेको छ। गत मे महिनाको निराशाजनक तथ्यांकले यही देखाउँछ। न्यून खुद्रा व्यापार, निर्यातमा ह्रास र सुस्त औद्योगिक उत्पादनले अवरुद्ध भएको आर्थिक पुनरुत्थानलाई संकेत गर्दछ।

मे महिनमा चीनको खुद्रा बिक्री ३.१ प्रतिशतले बढ्यो जुन अघिल्लो महिना १२.७ प्रतिशत थियो। औद्योगिक उत्पादनमा झिनो सुधार आएर ३.५ प्रतिशतबाट ४.४ प्रतिशत पुगे पनि माग सुस्त रह्यो।

सन् २०२३ को पहिलो छ महिनामा सरकारी स्वामित्वका उद्यमहरूको लगानी ८.१ प्रतिशतले बढे पनि निजी क्षेत्रको स्थिर सम्पत्ति लागनी ०.२ प्रतिशतले संकुचित भएको छ जसले निजी क्षेत्रको व्यावसायिक विश्वास गुमेको संकेत गरेको छ।

गत जुनमा चीनको निर्यात पनि १२.४ प्रतिशतले घटेको छ जुन तीन वर्षयताकै उच्च गिरावट हो भने आयात ६.८ प्रतिशतले घटेको छ। विकसित देशहरूमा उच्च मुद्रास्फीति र भूराजनीतिक अवस्थाका कारण चीनको वैदेशिक व्यापारले वर्षको अन्त्यतिर समस्याको सामना गर्नुपर्ने परिस्थिति उत्पन्न हुनसक्छ। प्रत्यक्ष वैदेशिक लगानी (एफडिआई) को प्रवाह पनि वर्षको पहिलो पाँच महिनामा ५.६ प्रतिशतले घटेको छ।

चीनमा व्यापार गर्नु जोखिमपूर्ण छ भन्ने धारणाले देशमा पुँजीको प्रवाहलाई संकुचित गरेको हो कि भन्ने देखाउँछ। एमएससिआई चाइना इनडेक्सले चिनियाँ कम्पनीमा विदेशी लगानी छ प्रतिशतले घटेको देखाएको छ। इक्विटी बजारले पनि विश्वबजारको तुलनामा कमजोरी देखिएको छ जसले आर्थिक वृद्धिलाई कमजोर बनाउनसक्ने देखिन्छ।

चिनियाँ अर्थतन्त्रले जनसांख्यिक लाभांश लिन नसकेको देखिन्छ भने सरकारको 'साझा समृद्धि' नीति र उपभोग वृद्धि गर्ने प्रयासलाई कूल गार्हस्थ उत्पादनको करिब ३५० प्रतिशतको हाराहारीमा मुलुकको कूल ऋणको उच्च जोखिमका कारण अलपत्र परेको संरचनात्मक आर्थिक सुधार चुनातीपूर्ण भएको छ।

यद्यपि राष्ट्रपति सी चिनफिङको नेतृत्वमा रहेको सरकारले सुस्त अर्थतन्त्रको समाधान खोज्न आवश्यक कदम र उपकरण परिचालन गर्ने ठानिएको छ। राज्यको स्वामित्वमा रहेका उद्यमहरूको विकास तथा उत्पादकत्व वृद्धिका निम्ति राष्ट्रपति सीले दिएको जोडले आर्थिक वृद्धिलाई भरथेग गर्ने सम्भावना क्षीण छ।

यसै महिनाको अन्त्यमा हुने पोलिटब्युरो बैठकमा शीर्ष नेताहरूले ठोस कार्ययोजना ल्याएर आर्थिक वृद्धिलाई गति दिने अपेक्षा गरिएको छ। *रासस/एएफपी*

# अमेरिका, जापान र दक्षिण कोरियाको शिखर सम्मेलन अमेरिकामा



**सोल–** दक्षिण कोरिया, अमेरिका र जापानी नेताको शिखर सम्मेलन आगामी महिना अमेरिकामा हुने भएको छ। उत्तर कोरियाको बढ्दो आणविक चुनौतीको सामना गर्न सैन्य सहयोग बढाउने क्रममा यही अगस्टमा त्रिदेशीय शिखर वार्ता हुने कोरियाली राष्ट्रपतिको कार्यालयले जनाएको छ। 'कोरिया, अमेरिका, जापान त्रिपक्षीय शिखर सम्मेलन यही अगस्टमा संयुक्त राज्य अमेरिकामा हुने कार्यक्रम छ, सम्मेलनको मिति र स्थान पछि घोषणा गरिनेछ,' राष्ट्रपति कार्यालयले बिहीबार भनेको छ। सोल र वासिङ्टनले दक्षिण कोरियाको राजधानीमा पहिलो आणविक परामर्शदात्री समूहको बैठक गरेको केही दिनपछि यो घोषणा भएको हो।

प्योङयाङ र सोलबीचको सम्बन्ध अहिलेसम्मकै सबैभन्दा न्यून बिन्दुमा पुगेको छ भने कूटनीतिक संवाद अवरुद्ध भएको छ। उत्तर कोरियाली नेता किम जोङ उनले आणविकलगायत सामरिक हतियार विकासका लागि आह्वान गरेका छन्। छिमेकीको उक्त आह्वानको जवाफमा दक्षिण कोरियाली राष्ट्रपति युन सुक येओलले लामो समयदेखिको आफ्नो सहयोगी वासिङ्टनसँगको निकटता बढाएका छन्। उत्तर कोरियालाई नियन्त्रणमा राख्ने प्रयासमा पूर्वऔपनिवेशिक शक्ति जापानसँग पुराना मतभेद बिर्सेर नयाँ सम्बन्ध कायम गर्ने प्रयास गरेका छन्।

यदि प्योङयाङले आफ्नो आणविक हतियार आफ्ना सहयोगीविरुद्ध प्रयोग गरेमा आणविक हतियारले नै जवाफ दिएर उसको शासन नै अन्त्य गर्ने चेतावनी गत अप्रिलमा सोल र वासिङ्टनले दिएका थिए। योनहाप समाचार समितिले अज्ञात स्रोतलाई उद्धृत गर्दै प्रकाशन गरेको समाचारमा उक्त सम्मेलन वासिङ्टन नजिकैको क्याम्प डेभिडमा अगस्ट १८ मा हुने जनाइएको छ।

गत मंगलबार आणविक हतियारयुक्त एक अमेरिकी पनडुब्बी बुसानको बन्दरगाहतर्फ गएको थियो। सन् १९८१ पछि पहिलोपटक अमेरिकी पनडुब्बी बुसान बन्दरगाहतिर गएको हो।

प्योङयाङले गत साता लामो दूरीको अन्तरमहाद्विपीय क्षेप्यास्त्रको सफलतापूर्वक परीक्षण गरेको बताएको थियो। ठोस इन्धनबाट सञ्चालन हुने लामो दूरीको उक्त क्षेप्यास्त्र अमेरिकासम्म प्रहार गर्ने क्षमताको भएको बताइएको छ। *रासस/एएफपी*

## साउदी/मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : BEC ARABIA CO. LTD. ONE PERSON COMPANY

पुर्व स्वीकृति मिति २०८०/04/03 | LT. No. 289624 | चलानी नं. ६०२०४९७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 37 | 0 | 1200 | ४२,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क:१०,०००

कम्पनी : TOP LEADER SDN BHD

पुर्व स्वीकृति मिति २०८०/04/04 | LT. No. 289658 | चलानी नं. ६०२०४९८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Crew Restaurant | 20 | 0 | 1500 | ४३,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १२ गते (28th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं ९५७/०६७/०६८

**All Skills International Human Resource Pvt.ltd.**

Maharajganj-03, Basundhara, Kathmandu, Nepal
Tel +977-1-4989541-4989542 Fax : +977-1-4362800
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com
Website : www.allskillsintl.com

## साउदीमा रोजगारको अवसर

कम्पनी : MAXON TRANSPORTATION COMPANY

पुर्व स्वीकृति मिति २०८०/04/03 | LT No.289638 | चलानी नं. ६०२०४८९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 2 | 0 | 1800 | ६३,०९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १२ गते (28th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३६३/०७४/०७५

**INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.**

Airport, Shambhu Marg-4, Kathmandu,Nepal Phone: (+977) 4112800, Email: inspireintemp@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: ISAM KABBANI AND PARTNERS FOR CONSTRUCTION AND MAINTENANCE CO. LTD.

पुर्व स्वीकृति मिति २०८०/०२/२६ | LT. No. 287533 | चलानी नं. ६०२०२९१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Plumber | 44 | 0 | 1100 | ३८,५६० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Ordinary Worker | 18 | 0 | 1100 | ३८,५६० | | | | | | | |
| 3 | Welding General | 9 | 0 | 1200 | ४२,०६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १२ देखि १४ गते (28-30th July. 2023) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Lic No. 1159/074/074

**Global Sourcing Group Pvt.Ltd (Trans Asia Manpower Pvt.Ltd)**

Milijuli Marg, Maharajgunj/ Chakrapath-3, Kathmandu, Nepal
*Tel : 01-4016163, 01-4016164, Email : info@gsgroup.com.np, www.gsgroup.com.np*

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : THE VALET LLC

पूर्व स्वीकृति मिति २०८०/04/04 | LT No.289672 | चलानी नं ६०२०४९३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Concierge/doorman | 50 | 0 | 1200 | ४२,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Helper | 25 | 0 | 900 | ३२,२०० | | | | | | | |
| 3 | Parking Attendant | 50 | 0 | 1100 | ३९,३५५ | | | | | | | |
| 4 | Revenue Controller | 10 | 0 | 2000 | ७१,५५० | | | | | | | |
| 5 | Shift Supervisor | 50 | 0 | 2000 | ७१,५५० | | | | | | | |
| 6 | Valet Driver | 150 | 0 | 1400 | ५०,०८५ | | | | | | | |
| 7 | Waiter | 25 | 0 | 1100 | ३९,३५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १२ गते (28th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ७५१/०६४/०६५

**Dubai Overseas International Pvt. Ltd.**

Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Fax No: +977-4383351, Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : WD GEMILANG SDN BHD

पूर्व स्वीकृति मिति २०८०/04/04 | LT. No. 289268 | चलानी नं. ६०२०४८९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 63 | 0 | 1500 | ४३,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १९ गते (4th Aug. 2023) मा हुनेछ ।

कम्पनी : NG HOCK KHOON & BROTHERS FISH BALL DEALER

पूर्व स्वीकृति मिति २०८०/04/04 | LT. No. 289540 | चलानी नं. ६०२०४८९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 8 | 0 | 1500 | ४३,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १२ गते (28th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रोजगारदाता कम्पनीले   सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**कैलाश इन्टरनेशनल म्यानपावर प्रा.लि.**   श्रम ईजाजत नं. ३१७/०५९/०६०

सामाखुसी-२६, काठमाडौं, फोन नं. : ४९५७७३४, ४९८१९२२, ४९८३९४४,
Email: kailashmanpower@gmail.com, Web: www.kailashmanpower.com.np

## साउदी र मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : A GOURMET INSTITUTION TO PROVIDE MEALS

पूर्व स्वीकृति मिति २०८०/04/04 | LT. No.289520 | चलानी नं. ६०१९६८८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 4 | 0 | 1000 | ३५०५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : GULF DIMENSIONS TRANSPORTATION EST.

पूर्व स्वीकृति मिति २०७९/१०/०९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/04/04 | LT. No.279846 | चलानी नं. ६०१९५४५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 2 | 0 | 1800 | ६१,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले   सेवा शुल्क: १०,०००

कम्पनी : GEZHOUBA ENGINEERING (MALAYSIA) SDN BHD

पूर्व स्वीकृति मिति २०७९/११/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/04/04 | LT. No.281313 | चलानी नं. ६०१९६८८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction workers | 4 | 0 | 1500 | ४३,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १२ गते (28th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.**   श्रम ईजाजत नं. ५७४/०६२/०६३

P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: DR CAFE SAUDI ARABIA

पूर्व स्वीकृति मिति २०८०/04/03 | LT. No.289625 | चलानी नं. ६०२०४८९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food And Beverage Counter Worker | 16 | 0 | 1500 | ५२,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन २२ देखि २६ गते (7-11th Aug. 2023) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०८८/०७३/०७४

**Al Noor Overseas Pvt. Ltd**

Samakhushi-29, Kathmandu, Nepal Phone : +977-1-4383094, 4360824
E-Mail : operation.alnoor@gmail.com. Website : www.alnooroverseas.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ZAYED NAFIE BIN ZAYED AL-MUTAIRI RESTAURANT FOR SERVING MEALS

पूर्व स्वीकृति मिति २०८०/04/04 | LT. No. 289605 | चलानी नं. ६०२०४९२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food And Beverage Counter Worker | 1 | 0 | 1000 | ३५,०५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Worker | 4 | 0 | 1000 | ३५,०५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १२ गते (28th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)**

श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। धुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। **Reachmond Books Shop** (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217**। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६। ज्ञानज्योति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार–सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी–बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी– गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७। **B-Tech Nepal**- पुतलीसडक चोक, फोन नं.**9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२। दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्षे.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - | प्रति तोला - | प्रति तोला - |
| ११३६०० | ११३०५० | १४९५ |



**लौका देखाउँदै किसान महिला** | कृष्णपुर नगरपालिका-१ का किसान महिला बारीमा उत्पादन भएको लौका देखाउँदै । यस क्षेत्रका महिलाहरू व्यावसायिक तरकारी खेतीमा संलग्न भएर राम्रो आम्दानी लिँदै आएका छन् ।

*तस्बिरः राजेन्द्रप्रसाद पनेरु/रासस*

## ‘बजेटले लिएको लक्ष्य कार्यान्वयन गर्ने गरी मौद्रिक नीति आउँछ’

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले सरकारले बजेटमार्फत लिएको नीतिअनुसार नै चालु आर्थिक वर्षको मौद्रिक नीति जारी हुने बताएका छन् । संघीय संसद् प्रतिनिधिसभा न्तर्गतको अर्थ समितिको आजको बैठकमा गभर्नर अधिकारीले बजेटले लिएको आर्थिक वृद्धिदर हासिल गर्ने, मूल्यवृद्धि नियन्त्रण गर्ने र बाह्य क्षेत्र व्यवस्थापन हुने गरी चालु आवको मौद्रिक नीति जारी गरिने स्पष्ट पारे ।

पछिल्ला दिनमा बाह्य क्षेत्र सन्तुलित अवस्थामा रहेको, ब्याजदर घट्दो क्रममा रहेको, पर्याप्त तरलताको अवस्थालगायतका केही सकारात्मक सूचक देखिए पनि मूल्यवृद्धि नियन्त्रण हुन नसकेको, सञ्चित कोष घाटामा रहेको, कर्जा विस्तार सुस्ताएको लगायतका समस्या कायमै रहेको उनको भनाइ छ ।

‘गत आर्थिक वर्षका लागि राखिएको मूल्यवृद्धिको वाञ्छित सीमा सात प्रतिशत रहेकामा त्योभन्दा माथि नै रहने देखिएको छ । सञ्चित कोष रू एक खर्ब ९३ अर्बले घाटामा छ । निक्षेप संकलन राम्रो देखिए पनि कर्जाको बिस्तार घटेको छ,’ गभर्नर अधिकारीले भने ।

अघिल्लो वर्षको तुलनामा अहिले बाह्य क्षेत्र सहज अवस्थामा पुगेको पनि उनले बताए । त्यस्तै बजारमा माग घट्नु र लगानी विस्तार खुम्चिएका कारण कर्जाको माग घटिरहेको भएपनि अहिले निक्षेप र कर्जाको ब्याजदर निरन्तर घट्ने क्रममा रहेको गभर्नर अधिकारीको भनाइ छ ।

‘अहिले बैंकिङ प्रणालीमा रू ८८ अर्ब ५४ करोड अधिक तरलता छ,’ उनले भने । उनका अनुसार गत जेठ मसान्तसम्ममा एक लाख ४७ हजार पाँच सय १० जनाले सहुलियतपूर्ण कर्जा लिएका छन् ।

गभर्नर अधिकारीले हाल चालु खाता घाटा रू ७० अर्ब रहेको र बजारमा शिथिलता देखिएका कारण कर्जा असुलीमा समस्या भएको बताए । अर्थतन्त्रलाई सन्तुलित अवस्थामा राख्न के-कस्ता उपकरण प्रयोग गर्ने भन्ने विषयमा राष्ट्र बैंकले उचित निर्णय लिने पनि उनको भनाइ छ ।

‘घरजग्गा क्षेत्र कारोबारमा शिथिलता देखिनु तथा सरकारी राजस्व र पुँजीगत खर्च लक्ष्यअनुसार उठ्न नसक्नु अहिलेको समस्या हो,’ उनले भने, ‘मौद्रिक नीतिसँग सबै उपकरण हुँदैनन् । हामीसँग भएका उपकरण प्रयोग गर्छौं ।’ आगामी हप्ता मौद्रिक नीति जारी गर्ने तयारी रहेको पनि उनको भनाइ छ ।

कर्जा र निक्षेपको ब्याजदर तथा आधारदर घट्ने क्रममा रहेको र सिडी रेसियो ८२ प्रतिशतमा आएको पनि राष्ट्र बैंकको भनाइ छ । चालु आर्थिक वर्षका लागि सरकारले मूल्यवृद्धि साढे छ प्रतिशतको वाञ्छित सीमाभित्र राख्नेगरी लक्ष्य तय गरेकामा सोही आधारमा मौद्रिक उपकरण परिचालन गरिने राष्ट्र बैंकले जनाएको छ ।

अर्थ समितिको आजको बैठकमा अर्थसचिव अर्जुनकुमार पोखरेलले वित्त नीति र मौद्रिक नीतिको सामञ्जस्यता हुनुपर्ने धारणा राखे । त्यस्तै आर्थिक वृद्धिदर हासिल गर्ने र मूल्य वृद्धिदर नियन्त्रणमा राख्ने विषयलाई मौद्रिक नीतिले पहिलो प्राथमिकतामा राख्नुपर्ने उनको भनाइ छ । उत्पादनशील क्षेत्रमा कर्जा लगानी बढाउन र आन्तरिक उत्पादन बढाउनका लागि बजेटले राखेका योजना तथा कार्यक्रम कार्यान्वयनलाई प्राथमिकतामा राख्नुपर्ने उनले बताए ।

## नेप्सेमा सामान्य गिरावट

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अंकको गिरावट देखिएको छ । बिहीबार नेप्से परिसूचक एक दशमलव ३१ अंकले घटेर दुई हजार एक सय ६३ दशमलव ९२ अंकमा सीमित भएको छ ।

कारोबारमा विभिन्न दुई सय ६४ कम्पनीका ८४ लाख २४ हजार एक सय आठ कित्ता सेयर ५४ हजार नौ सय ५४ पटक खरिदबिक्री हुँदा रू तीन अर्ब पाँच करोड २४ लाख १० हजार छ सय ५९ को कारोबार भएको छ ।

यस दिनको कारोबारमा बैंकिङ, विकास बैंक, जलविद्युत् उत्पादन तथा प्रशोधन र व्यापार समूहको उपसूचक बढेको छ भने बाँकी समूहको उपसूचक घटेको छ । बैंकिङ समूह एक दशमलव २५, विकास बैंक १० दशमलव ९६, जलविद्युत् २२ दशमलव ३८, उत्पादन तथा प्रशोधन ८२ दशमलव ०२ र व्यापार समूह एक सय ७७ दशमलव ६६ अंकले बढेका छन् ।

साथै निर्जीवन बिमा समूह एक सय ३२ दशमलव ०७ र जीवन बिमा समूहको उपसूचक एक सय २२ दशमलव ०६ अंकले घटेका छन् । त्यस्तै वित्त समूह १५ दशमलव ६९, होटल तथा पर्यटन समूह २१ दशमलव ४६, लगानी शून्य दशमलव ३२, लघुवित्त २५ दशमलव २९ र म्युचुअल फन्ड शून्य दशमलव १८ अंकले घटेका छन् ।

विशाल बजार कम्पनी लिमिटेड र लिबर्टी इनर्जी कम्पनी लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने सिटिजन्स म्युचुअल फन्ड-२ र कुमारी इक्विटी फन्डको सेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै शिवम् सिमेन्ट लिमिटेडको रू १४ करोड २३ लाख १७ हजार ८७ बराबरको कारोबार भएको छ । कारोबार भएका सेयर सख्याका आधारमा भने सबैभन्दा धेरै कुमारी बैंक लिमिटेडको तीन लाख ३० हजार एक सय ३५ कित्ता सेयर किनबेच भएको छ ।

## अर्थले पठायो ८१ बुँदे बजेट कार्यान्वयन मार्गदर्शन

■ प्रभाव संवाददाता

**काठमाडौं–** चालु आर्थिक वर्ष २०८०/८१ को वार्षिक बजेटको प्रभावकारी कार्यान्वयनका लागि अर्थ मन्त्रालयले सबै मन्त्रालय, विभाग तथा निकायलाई ८१ बुँदे बजेट कार्यान्वयन मार्गदर्शन जारी गरेको छ । चालु आर्थिक वर्षको बजेटले लिएका लक्ष्य तथा उद्देश्य प्राप्त गर्नका लागि स्रोतको अधिकतम उपयोग, खर्चमा मितव्ययिता, प्रभावकारिता र दक्षता कायम गर्न भनिएको छ ।

त्यस्तै समग्र वित्तीय अनुशासन कायम गर्दै विद्यमान ऐन नियमलगायत कानूनी व्यवस्थाको पालनाका लागि पनि मार्गदर्शनमार्फत् सरकारले निर्देशन दिएको छ । चालु आर्थिक वर्षको बजेटमा राखिएका वार्षिक योजना तथा कार्यक्रमको पूर्वतयारीका काम चाँडो सक्न अर्थ मन्त्रालयले निर्देशन दिएको छ ।

‘वार्षिक स्वीकृत कार्यक्रममा समावेश भएको कार्यक्रम कार्यान्वयन गर्न कार्यविधि, निर्देशिका, मापदण्ड संशोधन गर्नुपर्ने वा नयाँ तर्जुमा गर्नुपर्ने भएमा अर्थ मन्त्रालयको सहमति लिई साउन मसान्तभित्र अनिवार्यरूपमा तयार गरी लागू गर्नुहुनेछ । सो कार्यविधि स्वीकृत भएको सात दिनभित्र वेबसाइटमा राख्नुपर्नेछ,’ बजेट कार्यान्वयन मार्गदर्शनमा भनिएको छ ।

स्वीकृत वार्षिक कार्यक्रममा परेका आयोजनाको तयारीका चरणहरू पूरा गरी कार्यक्रम र आयोजनाको त्रैमासिक विभाजनसहितको वार्षिक खरिद योजना, विस्तृत डिजाइन र लागत अनुमान तयार गरी आगामी असोज मसान्तभित्र स्वीकृत गरी बोलपत्र आहनसमेत गरिसक्नुपर्नेछ । आगामी कात्तिक मसान्तभित्र बोलपत्र मूल्यांकन गरी ठेक्का सम्झौतासमेत गरिसक्नुपर्नेछ । ठेक्का सम्झौता भएको १५ दिनभित्र कार्य सुरु गर्ने गरी कार्यादेश दिइसक्नुपर्नेछ । आगामी कात्तिक मसान्तसम्ममा ठेक्का प्रक्रिया अगाडि नबढेको योजना तथा कार्यक्रमको बजेट रकम रोक्का गरिने जनाइएको छ ।

पूर्वतयारी नै नसकिएका आयोजनामा स्रोत सहमति माग्ने प्रवृत्तिलाई पनि निरुत्साहन गर्न खोजिएको छ । स्रोत सहमति माग गर्ने र स्वीकृत गर्ने विद्यमान प्रणालीमा सुधार गरी सहमति माग गरेको आर्थिक वर्षमा आयोजनाका लागि विनियोजित रकमको अधिकतम चार गुणाभन्दा बढी स्रोतको सहमति प्रदान नगरिने मार्गदर्शनमा उल्लेख छ ।

त्यस्तै, राष्ट्रिय गौरवका आयोजनाबाहेक अन्य आयोजनाका हकमा स्रोत सहमतिको सम्पन्न गर्नुपर्ने अवधि बढीमा तीन वर्षको रहने जनाइएको छ । ‘स्रोत सहमति प्रदान गरेको मितिले नौ महिनाभित्र ठेक्का सम्झौता नभएमा सहमति स्वतः रद्द हुनेछ । यसअघि सहमति दिइएकामध्ये नौ महिना पूरा भई हालसम्म बोलपत्र आह्वान नभएका तथा यस आर्थिक वर्षको बजेटमा विनियोजन प्रस्ताव नगरिएका आयोजनाको स्रोत सहमति खारेज हुनेछ,’ बजेट कार्यान्वयन मार्गदर्शनमा भनिएको छ । त्यस्तै, संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम र उत्पादन तथा रोजगारी सिर्जना कार्यक्रमको कार्यविधिअनुसार विषयगत मन्त्रालयबाट कार्यान्वयन हुने हुँदा सोहीअनुसार कार्यान्वयनको व्यवस्था मिलाउन भनिएको छ ।

तोकिएको परिमाण लागत, गुणस्तर र समयसीमाभित्र निर्माण कार्य सम्पन्न गर्ने निर्माण व्यवसायीलाई प्रोत्साहन उपलब्ध गराउने तथा तोकिएको गुणस्तर कायम नगर्ने, समयभित्र कार्य सुरु नगर्ने, कार्ययोजना अनुरूप काम नगर्ने र कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई कानूनबमोजिम कारबाही गरी निर्माण व्यवसायीसँगको ठेक्का सम्झौता रद्द गर्न पनि मन्त्रालयले मार्गदर्शनमार्फत् निर्देशन दिएको छ ।

निर्माण व्यवसायीले ठेक्का सम्झौता गरेपछि सम्झौताबमोजिमका सबै वा केही कार्यका लागि सहायक ठेक्का सम्झौता गर्ने भएमा अनिवार्यरूपमा सम्बन्धित आयोजना प्रमुखको लिखितरूपमा पूर्वस्वीकृति लिनुपर्नेछ । त्यस्तै, निर्धारित समय र लागतमा काम सम्पन्न गर्न र गुणस्तर कायम गर्न आयोजना प्रमुख तथा निर्माण व्यवसायीलाई उपलब्धिप्रति जवाफदेही हुने प्रणालीको विकास गराउन भनिएको छ ।

अति आवश्यक कार्यका लागि बाहेक एक तहभन्दा बढी तहमा सहायक ठेक्का सम्झौता गर्न पाइने छैन । त्यस्तै, राष्ट्रिय सतर्कता केन्द्रबाट रू १० करोडभन्दा माथिका आयोजनाको निर्माण गुणस्तरको प्राविधिक परीक्षण गराउन भनिएको छ । विनियोजित बजेट स्वीकृत कार्यक्रममा नपरेका कार्यक्रम र आयोजनाको कार्यान्वयन प्रक्रिया अगाडि नबढाउन बजेट कार्यान्वयन मार्गदर्शनमार्फत् निर्देशन दिइएको छ । बविनियोजित बजेट र स्वीकृत कार्यक्रममा नपरेको कार्यक्रम र आयोजनाका लागि बजेट निकासा, रकमान्तर तथा कार्यक्रम संशोधन माग गर्न पाइने छैन । यदि त्यस्तो रकम निकासा माग भई आएमा निकासा नदिन भनिएको छ ।

साथै आर्थिक वर्षको बीचमा नयाँ कार्यक्रम र आयोजना सञ्चालनका लागि प्रस्ताव नगर्नसमेत निर्देशन दिइएको छ । अर्थ मन्त्रालयको सहमतिबिना थप आर्थिक दायित्व सिर्जना नगर्न भनिएको छ । सहमतिबिना सिर्जना भएको थप दायित्वको निकासा, रकमान्तर वा कार्यक्रम संशोधन अर्थ मन्त्रालयबाट हुने छैन । कार्यक्रम र आयोजनाको भौतिक प्रगति र गुणस्तरसमेतका आधारमा मात्र भुक्तानी दिने व्यवस्था मिलाउनु भनिएको छ । यद्यपि पहिलो त्रैमासिक निकासा र भुक्तानीका लागि भौतिक प्रगति आवश्यक पर्ने छैन । दोस्रो त्रैमासिक निकासा भुक्तानीका लागि ३० प्रतिशत र तेस्रो त्रैमासिक निकासा र भुक्तानीका लागि सो अवधिसम्मको भौतिक प्रगति न्यूनतम ५० प्रतिशत हुनुपर्नेछ । सोभन्दा कम भौतिक प्रगति भएको अवस्थामा त्यसपछिको त्रैमासिक अवधिमा भौतिक प्रगति पूरा गर्ने प्राप्त गरी निकासा र भुक्तानी दिन सकिने जनाइएको छ ।

आयोजना कार्यान्वयनमा सहजता ल्याउन वातावरणीय प्रभाव मूल्यांकन र प्रारम्भिक वातावरणीय परीक्षणका कार्यहरू तोकिएको न्यूनतम समयसीमाभित्र सम्पन्न गरिसक्नुपर्नेछ । बहुवर्षीय ठेक्कामा गएका कार्यक्रम तथा आयोजना विनियोजित बजेटबाटै कार्यान्वयन गर्नुपर्नेछ । सडक, पुल, बाँध, सिँचाई, नहर जस्ता लामो समयसम्म सञ्चालनमा रहने रू पाँच करोडभन्दा माथिका पूर्वाधार आयोजनाको हकमा नयाँ आयोजनाको ठेक्का व्यवस्थापन गर्दा निर्माण सम्पन्न भएपछि कम्तीमा पाँच वर्षसम्म सम्बन्धित निर्माण व्यवसायीले नै मर्मत गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

विद्यमान सार्वजनिक प्रशासनको सङ्गठन संरचनालाई छरितो बनाउन आगामी मङ्सिर मसान्तसम्म सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (ओएनएम) गरिसक्न भनिएको छ । पानी, बिजुली, सञ्चार महसुल, घरभाडा, इन्धन, मर्मत खर्च, मसलन्द तथा कार्यालय सामग्री खर्च, भत्ता, तालिम, गोष्ठी, सेवा शुल्क, भ्रमण खर्चलगायतका प्रशासनिक खर्चमा अधिकतम मितव्ययिता अपनाउन भनिएको छ

## सिटिजन्स बैंकका ग्राहकलाई धनुषामा विशेष छुट

Citizens Bank

■ प्रभाव संवाददाता

**काठमाडौं–** सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले आफ्ना ग्राहकहरूलाई आकर्षक सेवा सुविधा उपलब्ध गराउने क्रममा विभिन्न संस्थाहरूसँग सम्झौता गरी बिशेष छुट सुविधा उपलब्ध गराउने भएको छ । सम्झौता पश्चात सिटिजन्स बैंकका ग्राहकहरूले उक्त संस्थाहरूका विभिन्न सेवाहरूमा विशेष छुट प्राप्त गर्न सक्ने छन् ।

बैंकका ग्राहकहरूले जनकपुरधाम, धनुषामा अवस्थित होटल राजदरबार एण्ड नवरगं रिसोर्ट, होटल वेलकम, होटल सितासरण, सितासरण होटल एण्ड प्लाजा, लिटिल मोर रेष्टुरेन्ट एण्ड क्याफे, होटल प्रफेक्ट प्लाजा, निरोग्य क्लिनीक एण्ड रिसर्च सेन्टर तथा बुद्ध डायबिटिक एण्ड थाइरोइड केयरका सेवाहरूमा १० प्रतिशत देखी ५० प्रतिशत सम्मको छुट प्राप्त गर्न सक्ने छन ।

बैंकले डिजिटल बैंकिङ्ग माध्यमहरूको प्रयोगलाई बढाउन र ग्राहकहरूलाई डिजिटल माध्यमबाट भुक्तानीगर्न प्रोत्साहन गर्न समय समयमा ग्राहकमैत्री सुविधाहरू सञ्चालनमा ल्याउँदै आएको छ । डिजिटल कारोबार गर्दा पाइने छुट सम्बन्धी विस्तृत विवरणहरू सिटिजन्स बैंकको वेबसाइटमा प्राप्त गर्न सकिनेछ । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी फैलिएका आफ्ना १८८ वटा शाखा, १४६ वटा ए.टि.एम. ३ विस्तार काउन्टर र ९७ वटा शाखा रहित बैंकिङ्ग ईकाईहरूबाट १६ लाख भन्दा बढी ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरू प्रदान गर्दै आएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**ः एक्सप्रेस कलर प्रेस, **कार्यालय**ः काठमाडौं-७, सिफल, नेपाल फोन नं.ः ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**ः marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**ः कृष्णबहादुर कार्की, **सम्पादक**ः विष्णु तामाङ